राष्ट्रिय मानव अधिकार आयोगद्वारा पारित

# मानवअधिकार सम्बन्धी निर्देशिकाहरू

## राष्ट्रिय मानवअधिकार आयोग

हरिहरभवन, ललितपुर

**आयोगका पदाधिकारीहरू**

**अध्यक्ष**

माननीय केदारनाथ उपाध्याय

**सदस्यहरू**

माननीय रामनगिना सिंह

माननीय गौरी प्रधान

माननीय डा. लीला पाठक

माननीय डा. के. बी. रोकाया

**सचिव**

विशाल खनाल


| | | |
|---|---|---|
| **प्रकाशक** | : | राष्ट्रिय मानव अधिकार आयोग<br>हरिहरभवन, ललितपुर, नेपाल |
| **प्रकाशन मिति** | : | मार्ग, २०६९ |
| **संस्करण** | : | प्रथम |
| **प्रति** | : | १५०० |
| **प्रकाशन नं.** | : | ११०/१५०/२०६९ |
| **मुद्रण** | : | कम्पोज वर्ल्ड प्रा.लि., ठिमी |



**सर्वाधिकार** : राष्ट्रिय मानव अधिकार आयोग, नेपाल ।

# भूमिका

राष्ट्रिय मानव अधिकार आयोगले विभिन्न समयमा पारित गरेका मानव अधिकार सम्बन्धी विभिन्न निर्देशिकाहरुको संकलन यस प्रकाशन मार्फत सार्वजनिक गरिएको छ ।

निर्देशिकाहरु मध्ये मानव अधिकार रक्षक सम्बन्धी मार्ग-निर्देशिका र मानव अधिकार सहकार्य र समन्वय सम्बन्धी मार्ग-निर्देशिका वाहेकका निर्देशिकाहरुलाई पुनः प्रकाशन गरिएको छ ।

यस प्रकाशनमा प्रकाशित मार्ग-निर्देशिकाहरु मानव अधिकार रक्षक सम्बन्धी व्यवस्थापन एवं सुरक्षा, मानव अधिकारको विविध विषयमा अनुगमान तथा अनुसन्धान तथा मानव अधिकारको क्षेत्रमा सहकार्य गर्ने तथा जानकारी राख्न चाहने सबैको लागि उपयोगी हुने अपेक्षा गरिएको छ । प्रकाशित निर्देशिकाहरुको सम्बन्धमा पाठकहरुबाट सुझाव प्राप्त भएमा भविष्यमा संशोधनको माध्यमबाट सुधार गर्न आयोगलाई सहयोग पुग्ने हुँदा आवश्यक सुझावको अपेक्षा समेत गरिएको छ ।

**राष्ट्रिय मानवअधिकार आयोग**

# मार्ग–निर्देशिकाहरुको बारेमा

**मानव अधिकार रक्षकहरु सम्बन्धीमार्ग–निर्देशिका**, २०६९

मानव अधिकार रक्षक सम्बन्धी संयुक्त राष्ट्र संघीय घोषणापत्र, १९९८ ले विश्वव्यापी रुपमा मान्यता प्राप्त मौलिक हक तथा स्वतन्त्रताहरुको प्रबर्धन र संरक्षण गर्नमा मानव अधिकार रक्षकहरुको महत्वपूर्ण र मूल्यवान भूमिका हुने कुरा स्विकार गरेको छ । नेपालको सन्दर्भमा पनि मानव अधिकार रक्षकहरुले खेलेको भूमिका महत्वपूर्ण र अत्यन्तै प्रशंसित रहेको छ । मानव अधिकार रक्षकहरुले अत्यन्तै जोखिममा रहेर पनि नागरिकहरुको मानव अधिकारको रक्षा तथा शिक्षामा अत्यन्तै महत्वपूर्ण योगदान पुऱ्याएको पाईन्छ । यस सन्दर्भमा मानव अधिकार रक्षकहरुको भूमिकालाई अझै सबल र उत्तरदायी बनाउन एवं मानव अधिकार रक्षकहरुको काम, कर्तव्य र दायित्वलाई स्पष्ट गरी निजहरुको कामलाई सुचारु र सुव्यवस्थित गर्न तथा उनीहरुको सुरक्षा सम्बन्धमा आवश्यक प्रबन्ध गर्न मानव अधिकार रक्षक सम्बन्धी मार्ग-निर्देशिकाको अभाव लामो समय देखि महशुस भई आएको थियो । मिति २०६९ सालअसोज २२ र २३ गते ललितपुरमा भएको मानव अधिकार रक्षकहरुको राष्ट्रिय सम्मेलनबाट समेत मानव अधिकार रक्षकहरु सम्बन्धी मार्ग-निर्देशिका अविलम्ब जारी गर्न प्रस्ताव पारित गरिएको थियो । यिनै कुरालाई दृष्टिगत गर्दै राष्ट्रिय मानव अधिकार आयोगले मिति २०६९ साल मंसिर ७ गते मानव अधिकार रक्षकहरु सम्बन्धी मार्ग-निर्देशिका, २०६९ पारित गरी जारी गरेको छ ।

**मानव अधिकार सहकार्य तथा समन्वय सम्बन्धी मार्ग–निर्देशिका, २०६९**

मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्धन र परिपूर्ति गर्ने कार्य आफैमा समन्वयात्मक प्रयासबाट मात्र सफल हुने कार्य हो । कुनै व्यक्ति वा संस्था एक्लैले चाहदैमा या गर्दैमा मानव अधिकारको संरक्षण र संवर्धन प्रभावकारी हुन सक्दैन । यसको लागि राज्यका संयन्त्रहरु, मानव अधिकारका क्षेत्रमा क्रियाशील संघ/संस्थाहरु लगायत अन्य सबै निकायहरुका बीचमा सहकार्य र समन्वय हुनु अत्यन्तै आवश्यक रहने गर्दछ । नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३२(२)(घ) मा राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकारको सचेतना अभिवृद्धि गर्न नागरिक समाजसंग समन्वय र सहकार्य गर्न सक्ने प्रावधान रहेको तथा मिति २०६९ साल असोज २२ र २३ गते ललितपुरमा भएको मानव अधिकार रक्षकहरुको राष्ट्रिय सम्मेलनले सहकार्य तथा समन्वय सम्बन्धी निर्देशिका अविलम्ब जारी गर्न पारित गरेको प्रस्तावलाई समेत दृष्टिगत गरी  राष्ट्रिय मानव अधिकार आयोगले मिति २०६९ साल मंसिर ७ गते मानव अधिकार सहकार्य तथा समन्वय सम्बन्धी मार्ग-निर्देशिका, २०६९पारित गरी जारी गरेको छ ।

**कारागार तथा हिरासत अनुगमन मार्ग–निर्देशिका, २०६७**

आयोगबाट लामो समयको अनुगमन, अध्ययन, छलफल तथा अन्तरक्रिया पश्चात् कारागार तथा हिरासत कक्षहरुको अवस्था तथा कैदी बन्दीहरुको मानव अधिकारको अवस्था सम्बन्धमा आवश्यक व्यवस्था गर्न, कारागार प्रशासन, कैदीबन्दीहरुको आचरण, अनुशासन, सुरक्षाकर्मीको दायित्व र कर्तव्य सम्बन्धमा अनुगमन गर्न सहज होस् भन्ने उद्देश्यले राष्ट्रिय मानव अधिकार आयोगले मिति २०६७ साल असोज ७ गते पारित गरी जारी गरेको कारागार तथा हिरासत अनुगमन मार्ग-निर्देशिका पुनः प्रकाशित गरिएको छ ।

**उपभोक्ताको मानव अधिकार संरक्षण तथा सम्बर्धनको लागि अनुगमन मार्ग–निर्देशिका, २०६८**

उपभोक्ताको अधिकारको सम्बन्धमा मानव अधिकारको विश्वव्यापी घोषणा पत्र, १९४८, आर्थिक, सामाजिकतथा साँस्कृतिक अधिकार सम्बन्धी प्रतिज्ञापत्र, १९६६, उपभोक्ता संरक्षण सम्बन्धी संयुक्त राष्ट्र संघीय दिग्दर्शन, १९८५ तथा १९९९ लगायतका मानव अधिकार सम्बन्धी अन्तराष्ट्रिय प्रावधानहरु तथा उपभोक्ता संरक्षण ऐन, २०५४ मा रहेको राष्ट्रिय कानूनी प्रावधानले प्रदान गरेका अधिकारहरुको संरक्षण गर्ने व्यक्ति तथा संस्थाले गरेका काम कारवाही र अनुगमन गर्ने सबै सरोकारवाला निकायहरुलाई सहजहोस् भन्ने उद्देश्यले राष्ट्रिय मानव अधिकार आयोगले मिति २०६८ साल साउन १२ गते पारित गरी जारी गरेको उपभोक्ताको मानव अधिकार संरक्षण तथा सम्बर्धनको लागि अनुगमन मार्ग-निर्देशिका पुनःप्रकाशित गरिएको छ ।

**शवोत्खनन्  मार्ग–निर्देशिका, २०६९**

नेपालमा विगतको एक दशक लामो सशस्त्र द्वन्दको क्रममा ठूलो संख्यामा व्यक्तिहरु वेपत्ता पारिएको पाईए पछि उनीहरुको पहिचान गरी अवस्था सार्वजनिक गर्न तथा गैर कानूनी रुपमा मारिएका घटनाहरुको अनुसन्धान गर्न राष्ट्रिय मानव अधिकार आयोग लगायत विभिन्न निकायहरुबाट केही स्थानहरुमा शवोत्खनन् भएका छन् । यसै क्रममा शवोत्खनन् मार्फत मानव अवशेष एवं सम्बद्ध प्रमाणहरुको संकलन गर्दा प्रमाणहरु नछुट्ने र नबिग्रने ढंगबाट संकलन गरी अनुसन्धान गर्न तथा अनुसन्धानमा एकरुपता ल्याउनको लागि मार्ग-निर्देशिकाको महशुस गरी  राष्ट्रिय मानव अधिकार आयोगले मिति २०६९ साल जेठ १८ गते पारित गरी जारी गरेको शवोत्खनन्  मार्ग-निर्देशिका पुनः प्रकाशित गरिएको छ ।

प्रस्तुत ५ वटा मार्ग-निर्देशिकाहरु मध्ये मिति २०६९ साल मंसिर ७ गते बसेको वैठकबाट मानव अधिकार रक्षकहरु सम्बन्धी मार्ग-निर्देशिका, २०६९ र मानव अधिकार सहकार्य तथा समन्वय सम्बन्धी मार्ग-निर्देशिका,२०६९ पारित भएका हुन् । यस्तै शवोत्खनन् मार्ग-निर्देशिका, उपभोक्ताको अधिकार संरक्षण सम्बन्धी मार्ग-निर्देशिका र कारागार तथा हिरासत अनुगमन मार्ग-निर्देशिकाहरु यस अघि आयोगबाट विभिन्न मितिमा पारित भएका थिए । मानव अधिकार रक्षकहरु सम्बन्धी निर्देशिका र मानव अधिकार सहकार्य तथा समन्वय सम्बन्धी निर्देशिकाहरु प्रकाशन गर्दा यस अघि प्रकाशित भएका शवोत्खनन् मार्ग-निर्देशिका, उपभोक्ताको अधिकार संरक्षण सम्बन्धी मार्ग-निर्देशिका, र कारागार तथा हिरासत अनुगमन मार्ग-निर्देशिकाहरु समेत एकै स्थानमा राखी प्रकाशित गर्दा यसको प्रयोग कर्ताहरुलाई सहज हुने देखिएको हुँदा उपरोक्त ५ वटै निर्देशिकाहरु एकैसाथ राखि प्रकाशन गरिएको छ ।

उपरोक्त मार्ग-निर्देशिकाहरुको प्रयोगबाट मानव अधिकारको संरक्षण र सम्बर्धनमा थप योगदान पुग्ने आशा आयोगले गरेको छ । यी मार्ग-निर्देशिकाहरुको निर्माणमा सहयोग पुऱ्याउने सबैलाई आयोगको तर्फबाट धन्यवाद ।

**राष्ट्रिय मानव अधिकार आयोग**

# विषयसूचि


| | **निर्देशिकाको नाम** | **पृष्ठ** |
|---|---|---|
| १. | मानव अधिकार रक्षकहरु सम्बन्धी मार्ग-निर्देशिका, २०६९ | १-२० |
| २. | मानव अधिकार सहकार्य तथा समन्वय सम्बन्धी मार्ग-निर्देशिका, २०६९ | २१-३६ |
| ३. | कारागार तथा हिरासत अनुगमन मार्ग-निर्देशिका,२०६७ | ३७-५४ |
| ४. | उपभोक्ताको मानव अधिकार संरक्षण तथा प्रबर्द्धनका लागि अनुगमन निर्देशिका, २०६८ | ५५-७४ |
| ५. | शवोत्खनन् मार्ग-निर्देशिका, २०६९ | ७५-१०२ |

# मानव अधिकार रक्षकहरु सम्बन्धी मार्ग निर्देशिका, २०६९

**प्रस्तावना**

मानव अधिकारको सम्वर्द्धन र संरक्षणमा मानव अधिकार रक्षकहरुको महत्वपूर्ण भूमिकालाई सबल र उत्तरदायी बनाउन एवं मानव अधिकार रक्षकहरुको काम, कर्तव्य र दायित्वलाई स्पष्ट गरी निजहरुको कामलाई सुचारु र सुव्यवस्थित गर्न तथा उनीहरुको सुरक्षा सम्बन्धमा मार्ग निर्देशिका बनाउन वान्छनीय भएको तथा मिति २०६९ साल असोज २२ र २३ गते ललितपुरमा सम्पन्न मानव अधिकार रक्षकहरुको राष्ट्रिय सम्मेलनले मानव अधिकार रक्षकहरु सम्बन्धी मार्ग निर्देशिका अविलम्ब जारी गर्ने समेत भनी पारित प्रस्ताव र मानव अधिकार रक्षक सम्बन्धी संयुक्त राष्ट्र संघीय घोषणापत्र, १९९८ समेतलाई दृष्टिगत गर्दै राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ३२ अनुसार आयोगले आज मिति २०६९ मार्ग ७ गते यो मार्ग निर्देशिका जारी गरेको छ ।

१. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मार्ग निर्देशिकामा,

(क) "अनुगमन तथा अनुशासन समिति" भन्नाले यस मार्ग-निर्देशिकाको दफा ९ अन्तर्गत गठित समिति सम्झनु पर्दछ ।

(ख) "आयोग" भन्नाले नेपालको अन्तरिम संविधानको धारा १३१ अन्तर्गत गठित राष्ट्रिय मानव अधिकार आयोग सम्झनु पर्दछ ।

(ग) "ऐन" भन्नाले राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ सम्झनु पर्दछ ।



(घ) "आरोपित व्यक्ति" भन्नाले मानव अधिकार उल्लंघन वा त्यसको दुरुत्साहन गरेको भनी उजुरकर्ताले आरोपित गरेको व्यक्ति वा मानव अधिकार उल्लंघन गर्ने कार्यमा संलग्न रहेको अन्य व्यक्ति वा मतियार समेतलाई जनाउँछ ।

(ङ) "पीडित" भन्नाले मानव अधिकार उल्लंघन वा त्यसको दुरुत्साहन भएकोमा सो कार्यबाट पीडित हुन गएको व्यक्ति जनाउँछ ।

(च) "मानव अधिकार रक्षक" भन्नाले व्यक्तिगत रुपमा, समूहमा वा संस्थागत रुपमा मानव अधिकारको सम्वर्द्धन, संरक्षण, सम्मान तथा पालना सम्बन्धी काममा संलग्न व्यक्ति सम्झनु पर्दछ । सो शब्दले पूर्णकालीन वा आंशिक रुपमा वैतनिक वा अवैतनिक रुपमा उक्त काममा संलग्न व्यक्तिलाई समेत जनाउँछ ।

(छ) "विविध क्षेत्रका मानव अधिकार रक्षक" भन्नाले मानव अधिकारको विभिन्न क्षेत्रहरु जस्तैः बालबालिका, महिला, दलित, आदिवासी/जनजाति, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरु, वातावरण, अल्पसंख्यक लगायत अन्य विषयगत तथा नागरिक, राजनैतिक, आर्थिक, सामाजिक र साँस्कृतिक क्षेत्रमा क्रियाशील अधिकार रक्षकहरुलाई समेत जनाउँछ ।

२. **उद्देश्यः** यस मार्ग निर्देशिका उद्देश्यहरु देहाय बमोजिम हुनेछन् ।

२.१ **मूल उद्देश्य :** समाजमा मानव अधिकारको सम्वर्द्धन, संरक्षण, सम्मान र पालना गर्ने/गराउने राज्यको जिम्मेवारीलाई पर्याप्तता, प्रभावकारिता र गुणस्तरीयताको दृष्टिकोणले अनुगमन गर्ने मानव अधिकार रक्षकहरुको भूमिकालाई सवल, उत्तरदायी र पारदर्शी बनाउन सहयोग गर्ने ।

२.२ **विशेष उद्देश्यहरु :** यस मार्ग-निर्देशिकाको विशेष उद्देश्यहरु देहाय बमोजिम हुनेछन् ।

(क) मानव अधिकारको सम्वर्द्धन, पैरवी र चेतना विकास गर्ने ।

(ख) मानव अधिकार अनुगमन, हनन्, उल्लंघनको प्रलेखीकरण गर्ने ।

(ग) पीडित वा प्रभावितहरुलाई आपतकालीन कानूनी, स्वास्थ्य, मनोविमर्श तथा अन्य मानवीय सहायता उपलब्ध गराउन सहजीकरण र सहयोग गर्ने ।

(घ) मानव अधिकार संस्कृति निर्माण-दण्डहीनताको रोकथाम लगायत त्यस्तै अन्य काम गर्ने ।

(ङ) मानव अधिकार रक्षकहरुको भूमिकामा अनुगमन, सबलीकरण र संरक्षण गर्ने ।

३. **मानव अधिकार रक्षकले सम्मान गर्नुपर्ने आदर्श सिद्धान्तहरुः**मानव अधिकार रक्षकहरुले मानव अधिकार र विधिको शासनका आधारभूत सिद्धान्तहरु जस्तैः समानता, पहुँच, निष्पक्षता, जवाफदेहिता, पारदर्शिता, स्वतन्त्रता, स्वायत्तता, लैङ्गिक संवेदनशीलता आदिलाई सम्मान गर्नु पर्दछ ।

४. **मानव अधिकार रक्षकको काम तथा कर्तव्यः**मानव अधिकार रक्षकहरुका मूलभूत काम र कर्तव्यहरु देहाय बमोजिम हुनेछन् ।

४.१ **मानवअधिकारको सम्वर्द्धन सम्बन्धी कामः** मानव अधिकार रक्षकहरुले मानव अधिकारको सम्वर्द्धनको निमित्त आ-आफ्नो कार्यक्षेत्र अन्तर्गतका मानव अधिकार सम्बन्धी सवालमा व्यक्तिगत, समूहगत, सहकार्य तथा संस्थागत रुपमा देहायका कामहरु गर्नेछन् ।

(क) वकालत (Advocacy)



(ख) विचारविमर्श / छलफल (Dialogue)

(ग) अभियान तथा लबिङ्ग (Lobbying and Campaigning)

(घ) परामर्श (Consultation)

(ङ) सचेतना (Awareness and Sensitization)

(च) सुझाव र टिप्पणी (Suggestion and Feedback)

(छ) प्रकाशन र सूचना प्रवाहिकरण

(ज) अनुगमन र अवलोकन (Monitoring and Observation)

(झ) प्रलेखिकरण (Documentation)

(ञ) सार्वजनिक सुनुवाई (Public Hearing)

(ट) संयुक्त राष्ट्र संघ सन्धिजनित वैकल्पिक प्रतिवेदन तैयारी र प्रस्तुति

(ठ) ऐन-कानून, नीति, कार्यक्रम र कार्ययोजनाहरुको पुनरावलोकन

४.१.१ **मानव अधिकार शिक्षा सम्बन्धी कामः** मानव अधिकार रक्षकहरुले मानव अधिकार शिक्षाको क्षेत्रमा व्यक्तिगत, समूहगत, सहकार्य तथा संस्थागत रुपमा देहायका कामहरु गर्नेछन् ।

(क) शिक्षा,

(ख) अनुसन्धान तथा विकास,

(ग) तालिम तथा प्रशिक्षण,

(घ) प्रकाशन तथा प्रसारण,

(ङ) शैक्षिक तथा अन्य पाठ्य सामग्री (IEC Material) को उत्पादन,

(च) विद्युतीय पाठ्य तथा श्रव्यदृश्य सामग्रीको उत्पादन र वितरण,

(छ) मानव अधिकारको नयाँ सिद्धान्त र विचारको विकास,

(ज) अन्य ।

४.२ **मानव अधिकारको संरक्षण सम्बन्धी कामः** मानव अधिकार रक्षकहरुले मानव अधिकारको संरक्षणको निमित्त कानून बमोजिम आ-आफ्नो संस्थागत कार्यक्षेत्र (Mandate) अन्तर्गत रही मानव अधिकार सम्बन्धी सवालमा व्यक्तिगत, समूहगत, सहकार्य तथा संस्थागत रुपमा देहायका कामहरु गर्न सक्नेछन् ।

(क) अनुगमन गर्ने (Monitoring),

(ख) तथ्य संकलन र विश्लेषण गर्ने (Fact Finding and Analysis),

(ग) अनुसन्धान (सत्यतथ्य संकलन) गर्ने ।

(घ) उद्दार र राहत प्रदान गर्ने (Rescue and Relief),

(ङ) पुनःस्थापना तथा पुनःएकिकरणको व्यवस्था गर्ने,

(च) उजुरी दर्ता गर्ने गराउने लगायतका विषयमा सहजीकरणको कार्य गर्ने,

(छ) निःशुल्क कानूनी सहायता उपलब्ध गराउने,

(ज) पीडितलाई न्यायिक तथा प्रशासनिक उपचार प्राप्त गर्न सहयोग गर्ने,

(झ) कानूनी तथा नीतिगत सुधारको लागि प्रस्ताव / सिफारिस गर्ने,

(ञ) मानव अधिकार संरक्षणको कार्यमा सहकार्य गर्ने,

(ट) मानव अधिकार उल्लंघन भएकोमा उपचारको निमित्त सिफारिस गर्ने,



(ठ) ताकेता तथा दवाव (Insistence and Pressurizing),

(ड) मानव अधिकार सम्मत विषयहरुमा मेलमिलाप गराउने (Mediation and Conciliation),

(ढ) सार्वजनिक सुनुवाई कार्यक्रम गर्ने,

(ण) पीडित र प्रभावितहरुलाई निःशुल्क सहायता, मनोसामाजिक परामर्श (Psycho-social Counseling), राहत, औषधी उपचार इत्यादिको व्यवस्था गर्ने,

(त) दण्ड विहिनताको रोकथाम र अन्त्यको लागि काम गर्ने,

(थ) अन्य मानव अधिकार संरक्षण सम्बन्धी कार्य गर्ने,

४.३ **मानव अधिकारको सम्मान सम्बन्धी कामः** मानव अधिकार रक्षकहरुले मानव अधिकारको सम्मानको निमित्त (Respect for Human Rights) आ-आफ्नो संस्थागत कार्यक्षेत्र (Mandate) अन्तर्गत मानव अधिकार सम्बन्धी सवालमा व्यक्तिगत, समूहगत, सहकार्य तथा संस्थागत रुपमा देहायका कामहरु गर्न सक्नेछन् ।

(क) संविधान, कानून तथा न्यायका सर्वमान्य सिद्धान्तको पालना भए नभएको सम्बन्धमा निगरानी गर्ने,

(ख) कानूनी तथा नीतिगत सुधारको लागि प्रस्ताव / सिफारिस गर्ने,

(ग) मानव अधिकार शिक्षाको प्रचार प्रसार गर्ने,

(घ) मानव अधिकारको सम्वर्द्धन र संरक्षणको निमित्त जवाफदेही निकाय तथा पदाधिकारी उपर निगरानी गर्ने,

(ङ) मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि र अन्य संयन्त्रहरुको पालना र तिनीहरुको राष्ट्रियकरणको लागि परामर्श र दवाव गर्ने,

(च) मानव अधिकार मैत्री नीति निर्माण गर्न पहल गर्ने,

(छ) मानव अधिकारको सम्मानार्थ न्याय सम्बन्धी अधिकार सुनिश्चित गर्न कानूनी सहयोग उपलब्ध गराउने,

(ज) विकासमा मानव अधिकारमुखी अवधारणाको पैरवी र प्रचार-प्रसार गर्ने,

(झ) सामाजिक न्याय र सामाजिक सुरक्षा सम्बन्धी सरकारी नीति, कार्यक्रम र कार्यान्वयनको अनुगमन र समिक्षा गर्ने ।

(ञ) मानव अधिकार रक्षकहरुको क्षमता सबलीकरण गर्ने ।

४.४ **मानव अधिकारको पालना** (Fulfillment) **सम्बन्धी काम**: राज्यद्वारा मानव अधिकारको पालना (Fulfill) को लागि भएका हरेक प्रयासमा समर्पित भई सहयोग गर्नु र सो कार्यको अनुगमन गर्नु मानव अधिकार रक्षकको कर्तव्य हुनेछ ।

५. **मानव अधिकार रक्षकले गर्नुपर्ने अन्य कामहरु**: यस मार्ग निर्देशिकामा उल्लेख भएका उपरोक्त कामहरुका अतिरिक्त मानव अधिकार रक्षकले देहायको कामहरु गर्नेछन् ।

(क) सुशासनको निमित्त वकालत गर्ने,

(ख) समाजमा सबै प्रकारको (लैङ्गिक, धार्मिक, साँस्कृतिक, आर्थिक, भौगोलिक, जातिय लगायत) भेदभाव रोकथाम र अन्त्यको लागि विविध कार्य सञ्चालन गर्ने,

(ग) समाजमा समन्याय (Equity) कायम गर्न योगदान गर्ने,



(घ) मानव अधिकार सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनको विषयमा छलफल, बहस र कार्यान्वयनको लागि प्रयास र योगदान गर्ने,

(ङ) मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धिहरुको अनुमोदनको लागि पहलकदमी गर्ने,

(च) मानव अधिकारको सम्वर्द्धन, संरक्षण र सम्मानको निमित्त आवश्यक सूचना तथा स्रोतहरुको व्यवस्थापन गर्ने,

(छ) आवश्यकता अनुसार मानव अधिकार सम्बन्धी निकाय (National Human Rights Institutes - NHRIs) को स्थापना र संस्थागत विकासको लागि वकालत र पहलकदमी गर्ने,

(ज) सबै किसिमको शैक्षिक तालिम कार्यक्रममा मानव अधिकारको सवाललाई मूल प्रवाहिकरण गर्ने सम्बन्धमा काम गर्ने,

(झ) सार्वजनिक शासन व्यवस्था (Public Order) तथा सार्वजनिक हितको निमित्त मानव अधिकारमा लगाइने सीमा अन्त्यन्त न्यून हुनुपर्ने सन्दर्भमा वकालत गर्ने,

(ञ) दण्डहीनताको अवस्था र संस्कारलाई रोकथाम र अन्त्य गर्ने दिशामा काम गर्ने,

(ट) अहरणिय अधिकार (Non-derogable Rights) जस्तैः यातना, हत्या, बलात्कार, मानव बेचबिखन जस्ता अपराध र मानव अधिकार उल्लंघनका विषयमा क्षमादान दिन नहुने सम्बन्धमा दवावमूलक कार्यक्रम र वकालत गर्ने,

(ठ) मानव अधिकारका अन्तर्राष्ट्रिय मापदण्डको स्वीकार र कार्यान्वयनको निमित्त काम गर्ने,

(ड) सशस्त्र द्वन्द्वबाट हुनसक्ने मानवीय हानिनोक्सानी रोकथाम गर्न प्रयास गर्ने,

(ढ) समाजमा शान्ति र न्यायशील वातावरण कायम गर्न योगदान गर्ने,

(ण) मानवीयता सम्बन्धी कानूनको निर्माण, सुधार र कार्यान्वयनको लागि वकालत गर्ने,

(त) बन्दीहरुको हक र हितको पक्षमा यथोचित काम गर्ने,

(थ) सबैको लागि सबै मानव अधिकार (All Human Rights for All) को सर्वव्यापी मान्यतालाई सबैले अनुभूत गर्ने वातावरण श्रृजना गर्नको निमित्त विविध काम गर्ने,

(द) बालबालिका, महिला, अशक्त, अपाङ्गता भएका, अल्पसंख्यक समुदाय, जेष्ठ नागरिक, मानसिक रोग लागेका व्यक्ति र सीमान्तकृत वर्ग ईत्यादिको मानव अधिकारको रक्षालाई प्राथमिकतामा राख्ने,

(ध) प्राकृतिक प्रकोप वा महामारी, भोकमरी आदि कारणबाट विस्थापन र जोखिममा परेकाहरुको लागि राहत, सहयोग र सेवा प्रदान गर्ने,

(न) संयुक्त राष्ट्र संघीय संस्थाहरु समक्ष मानव अधिकार सम्बन्धी अभिसन्धिहरुको विषयमा गरिने राष्ट्रिय प्रतिवेदनको छाया प्रतिवेदन वा त्यस्तै किसिमको अन्य प्रतिवेदन तयार गरी पेश गर्ने ।

६. **मानव अधिकार रक्षकहरुमा हुनुपर्ने गुणहरु** : सामान्यतः मानव अधिकार रक्षकमा देहायका गुणहरु आवश्यक ठानिन्छ ।

(क) कृयाशीलता,

(ख) व्यवसायगत प्रतिवद्धता,



(ग) सेवाभाव र सरल जीवनशैली,

(घ) व्यवसायिक सीप,

(ङ) मानव अधिकार सम्बन्धी ज्ञान (आफू कार्यरत मानव अधिकारको विषयमा जस्तैः बालबालिका, महिला, अल्पसंख्यक, आदिवासी/जनजाति, दलित, अपाङ्गता भएका व्यक्तिहरुको अधिकार आदि),

(च) इमान्दारिता / विश्वसनियता / नैतिकता,

(छ) जोखिम अवस्थासँग सामना गर्नसक्ने खूबी,

(ज) धैर्यता र सहनशीलता,

(झ) अवधारणात्मक सुष्पष्टता,

(ञ) योजनावद्ध ढंगले काम गर्न सक्ने खूबी,

(ट) अपेक्षित परिणाम हासिल गर्ने क्षमता,

(ठ) पीडितहरुप्रति संवेदनशील भई निजहरुको हितमा काम गर्ने,

(ड) मानव अधिकारको अधिकतम सम्मान,

(ढ) लैङ्गिक संवेदनशिलता ।

७. **मानव अधिकार रक्षकहरुले पालन गर्नुपर्ने आधारभूत आचारसंहिता** : मानव अधिकार रक्षकहरुले देहायका आचारहरु पालना गर्नुपर्नेछ ।

(क) कसैको पनि प्रतिष्ठा र सम्मानमा आँच पुऱ्याउन नहुने,

(ख) कसैलाई हानि गर्न नुहुने (Do No Harm) सिद्धान्तको पालना गर्ने,

(ग) मानव अधिकार,कानूनको शासन, न्याय तथा लोकतान्त्रिक मूल्य र मान्यताको पालना गर्ने

(घ) राजनैतिक, धार्मिक, साँस्कृतिक, जातीय, साम्प्रदायिक, लैङ्गिक आदि पूर्वाग्रह राखी कार्य गर्न नहुने,

(ङ) कार्य सम्पादनको सिलसिलामा कुनै किसिमको पूर्वाग्रह (Biasness and Prejudice) राख्न नहुने,

(च) अन्तर्राष्ट्रिय रुपमा मान्य जस्तैः संयुक्त राष्ट्रसंघीय मानव अधिकार रक्षक सम्बन्धी घोषणापत्र र अन्य सम्बन्धित आचार संहिता पालना गर्ने,

(छ) कार्य सम्पादनको सिलसिलामा उच्चतम विवेकको उपयोग गर्ने,

(ज) मानव अधिकार रक्षकको लागि तोकिएका पहिचान जस्तै पहिरन, पोशाक, प्रतीक वा परिचयात्मक चिन्हको दुरुपयोग नगर्ने र हुन नदिने,

(झ) विपन्नवर्ग र दुर्गमक्षेत्रका वासिन्दालाई मानव अधिकारको सेवा उपलव्ध गराउने नीति लिने,

(ञ) मानव अधिकारलाई सम्वर्द्धन र संरक्षणलाई सेवागत विषयको रुपमा आत्मसात गर्ने,

(ट) पीडित तथा प्रभावितहरुप्रति सम्मानपूर्वक सेवा र सहयोग गर्ने,

(ठ) पीडितलाई मानव अधिकारको सेवा जुनसुकै बखत आवश्यक परेपनि उपलव्ध गराउन तत्पर रहने,

(ड) कानूनको शासनको मूल्य र मान्यताको अभिवृद्धि गर्नमा सहयोग गर्ने,

(ढ) मानव अधिकारको ज्ञान र सीप विस्तारमा क्रियाशील रहने,



(ण) धार्मिक तथा साम्प्रदायिक सहिष्णुता कायम गर्न सहयोग गर्ने,

(त) कुनै जाति, धर्म, सम्प्रदायको आस्था र भावनामा खलल पुग्ने अभिव्यक्ति दिनु नहुने,

**८. मानव अधिकार रक्षकहरुले व्यक्तिगत सुरक्षा सम्बन्धमा ध्यान दिनुपर्ने विषयहरु :**

८.१ मानव अधिकार रक्षकहरुले व्यक्तिगत सुरक्षा सम्वन्धी देहायका पाँचवटा सिद्धान्तलाई सर्वदा ध्यानमा राख्नुपर्नेछ ।

(क) आफ्नो बसोबास र कार्यक्षेत्र वरिपरिको अवस्थामा सदैव जानकारी राख्ने, (Be aware of your surroundings) ।

(ख) जोखिमको बेला यथासम्भव एउटै समयमा एकै किसिमले एउटै बाटोबाट आवागमन नगर्ने, (Avoid routine when possible) (यथासम्भव एउटै समयमा एकै किसिमले एउटै बाटोबाट आवागमन गर्दा मानव अधिकार रक्षक उपर आक्रमण गर्न चाहने व्यक्तिलाई सजिलो हुने) ।

(ग) सुरक्षा सम्बन्धी नियमलाई अनुशासित र व्यवहारिकरुपमा अवलम्वन गर्ने, (Be methodical and disciplined in security procedures) ।

(घ) एक आपसमा सूचना आदान प्रदानलाई चुस्त बनाउने र यथासम्भव एक्लै हिँडडुल नगर्ने, (Maintain good communication and do not travel alone) ।

(ङ) व्यक्तिगत सुरक्षा सम्बन्धी कार्यविधिलाई नित्यकर्म जस्तै पालन गर्ने र सदैव ख्याल राख्ने, (Adhere to procedures, but exercise initiative and common sense) ।

८.२ उक्त सिद्धान्तहरुका अतिरिक्त मानव अधिकार रक्षकहरुले आफ्नो सुरक्षाको लागि देहायका नियमहरु पालन गर्नुपर्नेछ ।

(क) मानव अधिकार रक्षकहरुले “सुरक्षा आफैबाट शुरु हुन्छ (Safety Start from the Self)” भन्ने मान्यतालाई आत्मसात गर्नेछन् ।

(ख) मानव अधिकार रक्षकको रक्षा गर्नु अर्को मानव अधिकार रक्षकको प्राथमिक र नैतिक कर्तव्य हुनेछ ।

(ग) सर्वसाधारण सरह भई काम गर्दा सुरक्षाको दृष्टिले न्यून लक्षित (Low Target) वर्गमा परिने सम्भावना भएकोले सर्वसाधारणको हैसियतमा (Low Profile) रहने ।

(घ) अत्यधिक र अनाधिकृत सञ्चार माध्यमसँगको सम्पर्कलाई न्यून गर्ने ।

(ङ) सामान्यतयाः स्थानीय जनसमुदाय र मानव अधिकार रक्षकहरुप्रति आदरभाव र नम्र स्वभावबाट व्यवहार गर्ने ।

(च) अनावश्यक रुपमा सर्वसाधारणको ध्यानाकर्षणको पात्र नहुने ।

(छ) उत्तेजक अवस्थाबाट बच्न स्थानीय रहनसहन र वातावरण अनुकुल हुने ।

(ज) कुनै स्थानको सुरक्षा अवस्थाको कारण सामान्यरुपमा काम गर्न नसकिने अवस्था रहेमा सुरक्षा तथा सञ्चारलगायतका उपयुक्त व्यवस्था मिलाई कार्य सम्पादन गर्ने ।



(झ) आफ्नो गतिविधि उपर कोही कसैले निगरानी गरेको सम्बन्धमा सदैव सजग रहने ।

(ञ) मुठभेडको अवस्थामा आफू आक्रामक नहुने । त्यस्तो अवस्थामा तुरुन्त प्रहरी केन्द्रमा वा सुरक्षित स्थानमा जाने वा कसैको शरण लिई सुरक्षित रहने ।

(ट) आफ्नो परिचयसम्बन्धी लिखत सर्वदा साथमा राख्ने ।

(ठ) दैनिक गतिविधिमा पर्नसक्ने सम्भावित जोखिमहरु उपर सधैं ध्यान दिने ।

(ड) आफ्नो कामको सम्बन्धमा कार्यालय र सहकर्मीहरुसँग नियमित सम्पर्कमा रहने ।

(ढ) आपतकालीन अवस्थामा तुरुन्त (बढीमा १-२ मिनेटभित्र) सुरक्षित स्थानमा जान सकिने गरी अत्यावश्यक सामग्रीसहितको झोला चुस्त-दुरुस्त राख्ने ।

(ण) आफूप्रति सम्भावित आक्रमण र निगरानी ( Survelliance) सम्बन्धमा जानकारी प्राप्त गर्ने समेत प्रयोजनको लागि छरछिमेकी, मित्रहरु तथा सहकर्मीहरुको निरन्तर सम्पर्कमा रहने र त्यसलाई यथासम्भव सञ्जाल (Network)को रुपमा उपयोग गर्ने ।

(त) आफ्नो आवास र कार्यालयको सुरक्षाको उचित प्रवन्ध गर्ने तथा आक्रमणको अवस्थामा आफू वा कार्यालयको रक्षाको लागि आक्रमणकर्ताहरुलाई परास्त गर्न सकिने किसिमको कार्ययोजना बनाई लागू गर्ने व्यवस्था मिलाउने ।

(थ) यथासम्भव कार्यालय तथा आवासको भवनमा बाहिरबाट सजिलै प्रवेश गर्नको लागि उपयोग हुन

सक्ने सामग्री (भऱ्याङ्ग, डोरी, लामा काठ, बाँस वा डण्डीहरु) नराख्ने ।

(द) मिशनमा जाँदा उपलब्ध भएसम्म आवश्यक सामग्रीहरु जस्तैः मोबाइल फोन, आवश्यक टेलिफोन नम्बरहरु, VHF Radio, सलाई तथा मैनबत्ती, पानी, हल्का खाद्यसामग्री, प्राथमिक उपचार सामग्री, अग्नि निरोधक सामग्री, मौसम अनुसार उपयुक्त कपडा, टर्च लाइट, आवश्यक पैसा, हिँड्न सजिलो हुने जुत्ता, सम्बन्धित मानव अधिकार रक्षकको पहिचान खुल्ने पोशाक आदि साथमा राख्ने ।

(ध) गोप्य सूचनाहरु थाहा पाउनै पर्ने सम्बन्धित व्यक्ति बाहेक अरुलाई नदिने ।

(न) विशेष सावधानीको रुपमा भ्रमणबाट फर्किने अनुमानित समय उल्लेख गरी निरन्तर रुपमा कार्यालय तथा आफन्तको सम्पर्कमा रहने ।

(प) विशेष परिस्थिति उत्पन्न भई कसैले कब्जामा लिई जीवन जोखिममा पर्ने सम्भावना भएमा आत्मरक्षाको लागि आत्मसमर्पण लगायतको हरेक प्रयास गर्ने ।

९. **मानव अधिकार रक्षक अनुगमन तथा अनुशासन समितिः** यो मार्ग निर्देशिकाको पालना गर्नु मानव अधिकार रक्षकको कर्तव्य हुनेछ । यसको पालना भए नभएको सम्बन्धमा अनुगमन र कारवाही चलाउने तथा मानव अधिकार रक्षकहरुको सुरक्षा सम्बन्धी प्रवन्ध मिलाउने प्रयोजनको लागि देहाय बमोजिमको अनुगमन र अनुशासन समिति रहनेछ ।

(क) अनुगमन तथा अनुशासन समितिको गठन देहाय बमोजिम हुनेछ ।

(१) राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्षले तोकेको आयोगको सदस्य -संयोजक



(२) मानव अधिकारको क्षेत्रमा क्रियाशील नागरिक समाजको प्रतिनिधि (१ जना महिला सहित जम्मा २ जना) -सदस्य

(३) नेपाल बार एशोसियनको अध्यक्ष वा निजले तोकेको वरिष्ठ अधिवक्ता वा अधिवक्ता -सदस्य

(४) नेपाल चिकित्सक संघको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि (चिकित्सक) -सदस्य

(५) गैर सरकारी संस्था महासंघको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि -सदस्य

(६) नेपाल पत्रकार महासंघको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि -सदस्य

(ख) समितिको सदस्य हुनको निमित्त मानव अधिकार सम्बन्धी तथा कानून व्यवसायको सम्बन्धित क्षेत्रमा कम्तीमा १५ वर्ष काम गरेको हुनु पर्नेछ ।

(ग) समितिको अधिकार र कर्तव्य देहाय बमोजिम हुने छन् ।

(१) मानव अधिकार रक्षकले यो मार्ग निर्देशिका उल्लंघन गरेको भन्ने विषयमा उजुरी प्राप्त गर्ने ।

(२) उजुरी उपर छानवीन गर्ने ।

(३) मानव अधिकार रक्षकको सुरक्षा सम्बन्धी विवाद पर्न आएमा आवश्यक कारबाही गर्ने ।

(४) उजुरी उपरको छानवीनबाट यो मार्ग निर्देशिकाको दफा ७ को कुनै व्यवस्था उल्लंघन गरेको पाइएमा समितिले निजलाई उल्लंघनको गम्भीरताको मात्रा अनुसार चेतावनी दिने, आइन्दा मार्ग निर्देशिका उल्लंघन नगर्ने व्यहोराको कागज गराई अभिलेखिकरण गर्ने, क्षमा दिने, मार्ग निर्देशिका उल्लंघन गरेको भनी आयोगको सूचना पाटीमा नाम

प्रकाशित गर्ने वा निजको नाम कुनै राष्ट्रिय दैनिकमा प्रकाशित गर्न सक्नेछ ।

(५) मानव अधिकार रक्षकहरुको जीवन र सम्पतिको सुरक्षा कायम गर्ने सम्बन्धमा समितिले नेपाल सरकार, व्यवसायिक संगठन, नागरिक समाज लगायतका संस्थाहरुसँग समन्वय गरी काम गर्नेछ ।

(६) खण्ड ३ बमोजिम कारवाही भएका मानव अधिकार रक्षकले त्यस्तो गल्ती बारम्बार दोहोऱ्याएमा समितिले निजलाई अविश्वसनिय व्यक्ति घोषणा गरी निजको नाम सार्वजनिक गर्न सक्नेछ । सो कार्य गर्नु पूर्व सम्बन्धित मानव अधिकार रक्षकलाई प्रष्टिकरणको समय र अवसर प्रदान गरिनेछ ।

(७) समितिको निर्णय बहुमतको आधारमा हुनेछ । संयोजकले निर्णायक मत दिनेछ ।

(८) समितिको निर्णय उपर आयोगमा सम्बन्धित व्यक्तिले पुनरावेदन गर्न सक्नेछ ।

(९) समितिले आफ्नो कार्यविधि आफै निर्धारण गर्नेछ ।

(१०) समितिको सचिवालय आयोगमा रहनेछ । आयोगको कानून विभागका प्रमुखले समितिको सचिव भई काम गर्नेछ ।

(११) समितिको निर्णय पालन गर्नु सबै मानव अधिकार रक्षकको कर्तव्य हुनेछ ।

१०. **मानव अधिकार रक्षकहरुको सुरक्षा र राज्यको दायित्वः**

(क) मानव अधिकार र स्वतन्त्रताको सम्वर्द्धन, संरक्षण र सम्मान गर्नु र त्यसको निमित्त वातावरण बनाउनु राज्यको प्राथमिक दायित्व हुनेछ ।

(ख) मानव अधिकारको सम्वर्द्धन, संरक्षण र सम्मानको निमित्त राज्यले कानूनी, न्यायिक तथा प्रशासनिक लगायतका माध्यम अवलम्वन गर्नुपर्नेछ ।



(ग) मानव अधिकार रक्षकहरुलाई कानून बमोजिम आवश्यक सूचनाहरु प्रदान गर्नु राज्य तथा अन्य निकायहरुको कर्तव्य हुनेछ ।

(घ) जोखिम र खतराको अवस्थामा रहेका मानव अधिकार रक्षकहरुको तुरुन्त उद्दार गर्नु सुरक्षा निकाय तथा सम्बन्धित सबैको प्राथमिक कर्तव्य हुनेछ ।

(ङ) मानव अधिकारको सम्वर्द्धन, संरक्षण र सम्मान गर्ने विषयलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा दिइएको उच्चतम महत्वलाई दृष्टिगत गरी सो काममा संलग्न मानव अधिकार रक्षकहरुको जीवन तथा सम्पतिको सुरक्षा गर्नु राज्यको प्रमुख दायित्व हुनेछ ।

(च) मानव अधिकार रक्षकहरुको सुरक्षालाई राज्यले प्राथमिकतामा राख्नुपर्नेछ ।

(छ) मानव अधिकार रक्षकको रुपमा कामगर्दा आइपर्ने जोखिमलाई रोकथाम र अन्त्य गर्न आयोगले विशेष पहल गर्नेछ ।

(ज) मानव अधिकारको सम्वर्द्धन र संरक्षणमा योगदान गर्नु लोकतान्त्रिक राजनीतिक दलको कर्तव्य हुने सम्झी मानव अधिकार रक्षकहरुको सुरक्षामा सहयोग गर्नु राजनीतिक दलहरुको कर्तव्य हुनेछ ।

११. **मानव अधिकार रक्षकहरुको सम्बन्धमा आयोगको दायित्वः** समाजमा मानव अधिकारको सम्वर्द्धन र संरक्षणको काममा लागि परेका मानव अधिकार रक्षकहरुको भूमिका प्रभावकारी, उत्तरदायीपूर्ण र पारदर्शी बनाउन आयोगले निम्न गतिविधिहरु सञ्चालन गर्नेछ ।

(क) मानव अधिकार रक्षकहरुको सुरक्षाको निमित्त राष्ट्रिय मानव अधिकार आयोगले आवश्यक पहल गर्नेछ ।

(ख) आयोगले मानव अधिकार रक्षकहरुको मानव अधिकारको रक्षामा संलग्न संस्थाहरुबीच समन्वयकारी भूमिका खेल्नेछ ।

(ग) आयोगले मानव अधिकार रक्षकहरुको हित र सुरक्षाको निमित्त राज्यतथा अन्य निकायहरुसँग समन्वयकर्ताको भूमिका निर्वाह गर्नेछ ।

(घ) आयोगले मानव अधिकार र व्यक्तिगत स्वतन्त्रता उपर कुनै सीमा लगाउने कानून, नीति र काम भएको पाएमा मानव अधिकार रक्षाको काममा संलग्न संस्थाहरुसँग समन्वय गरी एकवद्ध भई त्यस्तो कानून, नीति र काम रोकथाम गर्न प्रयत्न गर्नेछ ।

(ङ) आयोगले घाइते, बन्धक तथा ज्यान जोखिममा परेका मानव अधिकार रक्षक लगायतका व्यक्तिको उद्दार र स्वास्थ्य उपचारको लागि तुरुन्त पहल गर्नेछ ।

(च) आपतकालीन अवस्थामा मानव अधिकार रक्षकहरु माथि आइपर्ने सबैखाले जोखिमबाट जोगाउन भरमग्दुर प्रयत्न गर्नेछ ।

(छ) मानव अधिकार रक्षकहरुको भूमिका सीमित गर्ने र उनीहरुको काममा अंकुश लगाउन गरिएका राज्यगत वा सरकारी गतिविधिहरु रोकथाम र न्यूनीकरण गर्न आयोगले पहल गर्नेछ ।

**१२. सहयोग र समन्वय**

(क) मानव अधिकार रक्षकहरुलाई निजहरुको कामको सिलसिलामा राज्यगत तथा गैर राज्यगत निकाय, निजीक्षेत्र, सामाजिक संघसंस्था, गैसस एवं सर्वसाधारण सबैले सहयोग गर्नुपर्नेछ ।

(ख) मानव अधिकार रक्षकले आफ्नो कामको सिलसिलामा सम्बन्धित सबै वर्ग, समुदाय र तप्काका व्यक्ति एवं संघसंस्थासँग समन्यव गरी कार्य गर्नुपर्नेछ ।

(ग) विपन्नता, अज्ञानता लगायतका कारण मानव अधिकारको सेवा प्राप्त गर्न नसकिरहेका व्यक्ति र समुदायलाई सो सेवा उपलव्ध गर्नु गराउनु मानव अधिकार रक्षकहरुको प्राथमिक कर्तव्य हुनेछ ।



(घ) स्थानीय स्तरमा विद्यमान मानव अधिकार सम्बन्धी समस्या प्रचलित कानून अनुसार समाधान गर्नको लागि मानव अधिकार रक्षकले मानव अधिकार सम्मत विषयहरुमा मेलमिलाप लगायतका उपयुक्त उपायहरु अवलम्बन गर्न सक्नेछन् ।

(ङ) मानव अधिकार रक्षकहरुलाई मानव अधिकार सम्वर्द्धन र संरक्षणको सम्बन्धमा कानून मुताविक काम गर्न र सूचनाको अधिकार प्राप्त गर्ने कार्यमा सहयोग गर्नुपर्नेछ ।

**१३. विविध**

(क) आयोगले यो मार्ग निर्देशिकामा आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

(ख) आयोगले यो मार्ग निर्देशिका पालना भए नभएको सम्बन्धमा अध्ययन गरी प्रतिवेदन पेश गर्न अन्य समिति वा कार्यदल गठन गर्न सक्नेछ ।

(ग) यो मार्ग निर्देशिकाको कार्यान्वयनमा देखापरेका बाधा अड्काउ फुकाउने अधिकार आयोगमा रहनेछ ।

(घ) आयोगले मानव अधिकार रक्षकहरुसँग सम्पर्क र समन्वय राखी मानव अधिकारको सम्वर्द्धन र संरक्षण गर्नको साथै उनीहरुको गतिविधिहरु गुणस्तरीय र प्रभावकारी बनाउन सम्बन्धित विषयमा क्षमता अभिवृद्धिका लागि तालिम र अन्तरक्रिया गर्नेछ ।

(ङ) यो मार्ग निर्देशिका सचेतनाको लागि प्रकाशित एवं प्रसारित गरिने छ ।

# मानव अधिकार सहकार्य तथा समन्वय सम्बन्धी निर्देशिका, २०६९

**प्रस्तावनाः**

प्रचलित संविधान, कानून तथा मानव अधिकार सम्बन्धी राष्ट्रिय संस्थाहरुको स्वतन्त्रता र स्वायत्तता सम्बन्धी सिद्धान्त (पेरिस सिद्धान्त) अनुसार मानव अधिकार सम्बन्धी राष्ट्रिय संस्थाको रुपमा यस आयोगले मानव अधिकार सम्वर्द्धन, संरक्षण, सम्मान र पालना सम्बन्धी कार्य सम्पादन गर्नका लागि राज्य संयन्त्र तथा सरकारी, निकायहरु, मानव अधिकारको सम्वर्द्धन र संरक्षणमा क्रियाशील गैर-सरकारी संस्थाहरु लगायत अन्य निकायहरुसँग समन्वय र सहकार्य गर्ने सम्बन्धमा निर्देशिका बनाउन बाञ्छनीय भएको तथा मिति २०६९ साल असोज २२ र २३ गते ललितपुरमा भएको मानव अधिकार रक्षकहरुको राष्ट्रिय सम्मेलनले सहकार्य तथा समन्वय सम्बन्धी निर्देशिका अविलम्ब जारी गर्न समेत भनी पारित प्रस्ताव समेतलाई दृष्टिगत गरी राष्ट्रिय मानव अधिकार आयोगले राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ३२ अनुसार आज मिति २०६९ मार्ग ७ गते यो निर्देशिका जारी गरेको छ ।

१. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "आयोग" भन्नाले नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३१ अन्तर्गत गठित राष्ट्रिय मानव अधिकार आयोग सम्झनु पर्दछ ।



(ख) "ऐन" भन्नाले राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ सम्झनु पर्दछ ।

(ग) "गैरसरकारी संघसंस्था" भन्नाले मानव अधिकारको सम्वर्द्धन र संरक्षणको काम गर्ने उद्देश्यले स्थापित संघसंस्थालाई जनाउनेछ ।

(घ) "मानव अधिकार" भन्नाले ऐन दफा २ बमोजिम समानता र मर्यादासँग सम्बन्धित संविधान तथा अन्य प्रचलित कानूनद्वारा प्रदान गरिएका अधिकार सम्झनु पर्छ र सो शब्दले नेपाल पक्ष भएको मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धिमा निहित अधिकार समेतलाई जनाउनेछ ।

(ङ) "सचिव" भन्नाले आयोगको सचिव संम्झनु पर्छ ।

(च) "सरोकारवाला निकाय" भन्नाले प्रहरी कार्यालय, नेपाली सेना, सरकारी तथा अर्धसरकारी निकाय, स्थानीय निकाय, मानव अधिकारको सम्वर्द्धन र संरक्षण सम्बन्धी काम गर्ने संघसंस्था समेतलाई जनाउनेछ ।

(छ) "सहकार्य" भन्नाले आयोगले मानव अधिकारको सम्वर्द्धन र संरक्षणको निमित्त राज्यका निकाय, सरकारी तथा गैरसरकारी निकाय, अन्तर्राष्ट्रिय, पेशागत वा व्यवसायिक संगठन, निकाय वा संस्थाहरुसँग मिली संयुक्त रुपले गर्ने कामलाई जनाउँछ ।

२. **सहकार्य गर्न सक्नेः** वर्तमान संविधान तथा ऐनको दफा १८ समेतको प्रयोजनको लागि आयोगले मानव अधिकारको सम्वर्द्धन, संरक्षण, सम्मान र पालनाको काम राज्य संयन्त्र,

सरकारी, गैरसरकारी, अन्तर्राष्ट्रिय, पेशागत वा व्यवसायिक लगायतका निकाय वा संस्थाहरुसँग आवश्यकता अनुसार सहकार्य गरी कार्य गर्न सक्नेछ ।

३. **सहकार्यका मुख्य उद्देश्यहरुः** आयोगले मूलतः देहायका उद्देश्यहरुको प्राप्तिको लागि विभिन्न संघसंस्थाहरुसँग सहकार्य गरी कार्य गर्न सक्नेछ ।

(क) मानव अधिकारको सुनिश्चितता अभिवृद्धि गर्ने,

(ख) मानव अधिकारको सुनिश्चितता विस्तार गर्नको निमित्त स्थानीय तहसम्म आयोगको प्रतिनिधित्वको व्यवस्था गरी समुदायको निकटसम्म सेवा विस्तार गरी एवं सूचना सम्प्रेषण लगायतको माध्यमबाट मानव अधिकारमा पहुँच विस्तार गर्ने,

(ग) स्थानीय निकाय र संघसंस्थाहरुबाट सहयोग प्राप्त गरी स्थानीय स्तरमा मानव अधिकारको शिक्षा र सचेतनामा विस्तार गर्ने,

(घ) मानव अधिकारको सम्वर्द्धन र संरक्षणको क्रियाकलापलाई पारदर्शी बनाउने,

(ङ) मानव अधिकारको अवस्था अनुगमन, वकालत, पक्षपोषण तथा सूचना सम्प्रेषण सम्बन्धी कार्य विस्तार गर्ने ।

४. **सहकार्यका अन्य उद्देश्यहरुः** माथि उल्लेख गरिए बाहेक आयोगले देहायका अन्य उद्देश्यहरुको प्राप्तिको लागि विभिन्न संघसंस्थाहरुसँग सहकार्य गरी कार्य गर्न सक्नेछ ।



(क) मानव अधिकारको संरक्षण र संर्वधनको लागि सर्वसाधारणको पहुँच विस्तार गर्ने,

(ख) सीमान्तकृत, विपन्नवर्गका व्यक्तिहरुलाई मानव अधिकारको उल्लंघन वापत उपचार प्राप्त गर्ने काममा सहजीकरण गर्ने,

(ग) राज्य संयन्त्र, सरकारी, गैरसरकारी, वैदेशिक तथा अन्तर्राष्ट्रिय, पेशागत तथा व्यावसायिक संस्थाहरुको मानव अधिकार सम्बन्धी ज्ञान, सीप र अनुभवहरुलाई स्थानीय तहसम्म पुऱ्याउने,

(घ) मानव अधिकार शिक्षा र सूचना आदानप्रदान र सम्प्रेषण गर्नका लागि साझेदारी विकास गर्ने,

(ङ) अनुगमन कार्यलाई प्रभावकारी बनाई सोको आधारमा कानून तथा नीतिगत सुधारको लागि पारस्परिक सहयोग गर्ने ।

५. **सहकार्यका क्षेत्रहरुः** आयोग र अन्य निकाय तथा संघसंस्थाहरु बीच सहकार्यका क्षेत्रहरु देहाय बमोजिम हुनसक्नेछन् ।

(क) मानव अधिकार अनुगमन,

(ख) मानव अधिकार उल्लंघन सम्बन्धी घटनाहरूका प्रमाण, सूचना  जानकारी एवं तथ्याङ्क संकलन,

(ग) मानव अधिकार प्रवर्द्धन जस्तै तालिम, गोष्ठी, छलफल, अन्तरकृया, क्षमता विकास,

(घ) मानव अधिकार वकालत र पक्षपोषण,

(ङ) सार्वजनिक हित सम्बन्धी मामिला,

(च) मानव अधिकार शिक्षा र संस्कृति विकास,

(छ) सामूहिक अधिकार (उपभोक्ता अधिकार, विकासको अधिकार, दलित, आदिवासी, जनजाति लगायत अल्प संख्यकको अधिकार, ज्येष्ठ नागरिक, आप्रवासी कामदार तथा अपाङ्गता भएका व्यक्तिहरु लगायतको अधिकार) को सम्वर्द्धन र संरक्षणको उपाय,

(ज) मानव अधिकार सम्बन्धी राष्ट्रिय संस्थाहरु पेशागत तथा व्यावसायिक संघसंस्थाहरूसँग समन्वय र संयुक्त अनुगमन तथा मानव अधिकार सम्वर्द्धन र संरक्षण सम्बन्धी आवश्यक कार्य ।

(झ) मानव अधिकार सम्बन्धी अत्यावश्यक अन्य विषय ।

(ञ) मानव अधिकार रक्षकहरुको रक्षासम्बन्धी कार्य,

६. **सहकार्यको स्वरुप र पद्धतिः** सहकार्यका स्वरुप र पद्धति देहाय बमोजिम हुनेछ–

(१) आयोग देहायका कुनै स्वरुपबाट सहकार्यमा संलग्न हुन सक्नेछः-

(क) आयोजक, सहआयोजक, पर्यवेक्षक वा अनुगमनकर्ता,

(ख) कार्यक्रममा स्पष्ट भूमिका सहितको सहभागिता,

(ग) संयुक्त वा साझेदारी,

(घ) संयुक्त अनुगमन,

(ङ) सञ्जालसँगको आवद्धता



(च) अभियान कार्यक्रममा सहभागिता एवं संलग्नता,

(छ) मानव अधिकार क्षमता विकास जस्तैः (Visit, Exchange, Internship) आदि,

(ज) ऐक्यवद्धता (Solidarity),

(झ) समन्वय तथा संयोजन ।

(२) आयोगले अन्य निकायहरु तथा संघसंस्थाहरुसँग सहकार्य गर्दा देहायका कुनै पद्धतिहरु अवलम्वन गर्न सक्नेछ ।

(क) बैठक,

(ख) समन्वय,

(ग) सूचना आदानप्रदान,

(घ) छलफल (Dialauge),

(ङ) वकालत (Advocacy)-अन्तरक्रिया, कार्यशाला, सेमिनार आदि),

(च ) अनुगमन,

(छ) संयुक्त उद्धार तथा पुनःर्स्थापन,

(ज) परामर्श(Counseling),

(झ) अभियान, (Campaining)

(ञ) पक्षपोषण(Lobbying),

(ट) शिक्षण, प्रशिक्षण, अनुशिक्षण

(ठ) दवावमूलक कार्यक्रम,

(ड) प्रकाशन र सूचना सम्प्रेषण,

(ढ) प्रतिवेदन तयारी,

(ण) मेलमिलाप,

(त) सामाजिक एकीकरणको लागि सहयोग,

(थ) सम्मेलन,

(द) सार्वजनिक सुनुवाई,

(ध) अन्य आवश्यक कुनै पद्धति ।

७. **सहकार्य सम्बन्धी व्यवस्थाः**

(क) आयोगले मानव अधिकारको सम्वर्द्धन वा संरक्षण सम्बन्धी कुनै कामका विभिन्न चरणमध्ये सबै वा कुनै खास चरणहरुमा मात्र सहकार्य गर्न सक्नेछ ।

(ख) कुन चरणमा सहकार्य गर्ने वा नगर्ने भन्ने विषय आयोगले तय गरे बमोजिम हुनेछ ।

८. **सहकार्यको विधिः** सहकार्यको विधि देहाय बमोजिम हुनेछ ।

(क) सहकार्यको निमित्त सामान्यतः सहकार्य गर्न चाहने संस्थाले आयोग समक्ष संस्थाको विवरण तथा सहकार्यको प्रस्तावित विषय पेश गर्नुपर्नेछ ।

(ख) आयोगसँग सहकार्य गर्न इच्छुक संघसंस्थाको सूची बनाई आयोगले अद्यावधिक गराई राख्नेछ ।

(ग) आयोगको संवैधानिक एवं कानूनी दायित्व र रणनीतिक योजना अनुसार प्राथमिकतामा परेका विषयहरु मध्येबाट सहकार्यको क्षेत्रहरु पहिचान गरिनेछ ।

(घ) समान उद्देश्यको लागि कार्य गर्ने नागरिक समाज र संघसंस्थाहरुसँग सहकार्य गर्दा तत्सम्बन्धी सञ्जाल मार्फत गरिनेछ । जस्तैः बालअधिकारको लागि बालअधिकार सम्बन्धी सञ्जाल, महिला अधिकारको लागि महिला अधिकार सम्बन्धी सञ्जाल आदि ।

*तर विशेष ज्ञान र सीप भएका संस्थाहरुसँग सहकार्य गर्न उक्त व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन ।*

(ङ) आयोगले सहकार्य गरिने संस्थालाई नगद उपलब्ध गराई सहकार्य गर्ने छैन ।

(च) सहकार्यको निमित्त कार्यक्रम तय गर्दा सहकार्य गर्ने संस्थाहरुको कर्तव्य र दायित्व स्पष्ट गर्नु पर्नेछ ।

(छ) सहकार्य गर्ने संस्थाहरुसँग आवश्यकता अनुसार लिखित समझदारीपत्र वा सम्झौता वा मौखिक सहमति गरिनेछ ।

(ज) सहकार्य गर्न सहमत भएको कार्यक्रम कार्यान्वयनमा आयोग तथा सम्बन्धित निकाय वा संस्थाले खटाएको व्यक्तिले प्रतिनिधित्व गर्नेछन् ।

(झ) सहकार्यको लागि आयोग आफैँले कुनै निकाय वा संघसंस्थालाई अनुरोध गर्न सक्नेछ ।

९. **सहकार्य समन्वय समितिः**

(१) आयोगले अन्य निकाय तथा संस्थाहरुसँग सहकार्य गर्ने सम्बन्धमा उपयुक्त बन्दोबस्त मिलाउने प्रयोजनको लागि देहाय अनुसारको समिति गठन गर्नेछ ।

(क) आयोगको अध्यक्षले तोकेको आयोगको सदस्य -संयोजक

(ख) आयोगको सचिव -सदस्य

(ग) आयोगले तोकेको निर्देशक -सदस्य

(घ) सम्बन्धित महाशाखा प्रमुख -सदस्य

(ङ) संबर्द्धन महाशाखा प्रमुख -सदस्य सचिव

(२) सहकार्य समन्वय समितिका काम र अधिकारहरु देहाय बमोजिम हुनेछन् ।

(क) आयोगको रणनीतिक योजनामा उल्लेखित कार्यक्रमहरु मध्ये कुन कुन कार्यक्रम आयोगले मात्र र कुन कुन कार्यक्रम सहकार्यमा गर्ने भन्ने विषयको छनौट गर्ने,

(ख) आयोगको वार्षिक कार्य योजनामा रहने कार्यक्रमहरु मध्ये कुन कुन कार्यक्रम आयोग आफैले सम्पन्न गर्ने र कुनकुन कार्यक्रम सहकार्यमा गर्ने भन्ने विषय निर्धारण गर्ने,

(ग) आगामी वर्षको लागि सहकार्य गरिने विषयहरुको योजना बनाउने ।

(घ) सहकार्य गरिने विषयहरुको प्राथमिकता निर्धारण गर्ने,

(ङ) परियोजना अन्तर्गत कार्यान्वयन हुने कार्यक्रमहरु मध्ये के कस्ता कार्यक्रम कुन निकाय, सञ्जाल वा संस्थासँग सहकार्यमा सम्पन्न गर्ने विषयको निधो गर्ने,

(च) कुनै कार्यक्रम सहकार्यमा गर्दा सर्वसाधारण वा सरोकारवालालाई हुने अतिरिक्त लाभको(Added Value) आँकलन गर्ने,



(छ) सहकार्य गर्ने निकाय तथा संस्थाहरुको छनौट गर्दा अनुभव, प्रभावकारिता तथा विशेषज्ञताको आधारमा सन्तुलनको सिद्धान्त पालन गर्ने,

(ज) सहकार्य गर्दा आफ्नो कर्तव्य र दायित्व निर्वाह नगर्ने सहकर्मी संस्थासँग भविष्यमा सहकार्य गर्ने वा नगर्ने सम्बन्धी उपयुक्त निर्णय लिने,

(झ) सहकार्यमा कार्यान्वयन भइरहेका कार्यक्रमहरुको आवधिक अनुमगन तथा मूल्यांकन गर्ने, गराउने,

(ञ) साविकमा सहकार्यमा गरिएका कामहरुको प्रभाव (Impact) को विश्लेषण गर्ने, गराउने र सो को आधारमा भविष्यको लागि सहकार्यको योजना बनाउने,

(ट) सहकार्य व्यवस्थापन रणनीति र बन्दोबस्ती सम्बन्धी अन्य काम गर्ने ।

**१०. क्षेत्रीय र स्थानीय स्तरमा सहकार्यः**

(१) आयोगको क्षेत्रीय तथा उप-क्षेत्रीय कार्यालयहरुले स्थानीय स्तरमा सहकार्य गर्दा कार्यालय प्रमुख, लेखा प्रमुख र एकजना अधिकृत सहितको समन्वय समिति बनाई उक्त समितिबाट गरिएको निर्णय आयोगको सचिवबाट स्वीकृत गराई कार्य गर्नु पर्नेछ । उक्त समितिको निर्णय स्वीकृतिको लागि सचिव समक्ष पठाउँदा कार्यक्रमको औचित्य र सो संस्थासँगको सहकार्यको आवश्यकताबारे पुष्ट्याइँ सहित पठाउनुपर्ने छ ।

(२) मानव अधिकार हननका घटनाहरुको अनुगमन र अनुसन्धानमा खटिएको टोलीले अन्य संघसस्था वा व्यक्तिहरुसँग तत्काल सहकार्य गर्नु पर्ने भएमा अनुगमन वा अनुसन्धान टोली प्रमुखले सम्बन्धित कार्यालय प्रमुख वा कार्यालय प्रमुख नै भए आयोगको सचिवलाई टेलिफोन लगायतका माध्यमबाट पूर्व जानकारी गराउनु पर्नेछ ।

११. **आयोगसंग सहकार्यमा गरिने कार्यहरुमा वा परियोजना प्रस्ताव गर्दा आयोगको लिखित सहमति लिनु पर्नेः** कुनै संस्थाले राष्ट्रिय मानव अधिकार आयोगसँग पनि सहकार्य हुने भनि दातृ निकायमा परियोजना प्रस्ताव गर्दा आयोगको लिखित सहमति लिनु पर्नेछ । आयोगको लिखित सहमति विना परियोजना प्रस्ताव गरिएको वा कुनै काम गरिएको भए त्यस्तो कार्यलाई आयोगको सहमति भएको मानिने छैन ।

१२. **विविध**

(क) आयोगले यो निर्देशिकामा आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

(ख) आयोगले यो निर्देशिका पालना भए नभएको सम्बन्धमा अध्ययन गरी प्रतिवेदन पेश गर्न अन्य समिति वा कार्यदल गठन गर्न सक्नेछ ।

(ग) यो निर्देशिकाको कार्यान्वयनको क्रममा देखा परेका बाधा अड्काउ फुकाउने अधिकार आयोगमा रहनेछ ।

***



## अनुसूची

(दफा ८ सँग सम्बन्धित)

**National Human Rights Commission**
**Harihar Bhawan, Lalitpur**

**Profile of Human Rights Organization**

1. Name of Organization/ संस्थाको नाम:____________________________
2. Acronym/संक्षेपीकरण__________________________________________
3. Address/ठेगाना:

| | |
|---|---|
| Telephone No/फोन नं | |
| Fax/फ्याक्स | |
| PO. Box/पो.ब.नं. | |
| Email/इमेल | |
| Website/वेबसाइट | |

4. Chairperson(s)/ संस्थाको अध्यक्ष:________________________________
5. Contact Person (s)/सम्पर्क व्यक्ति:______________________________

| | | | | | |
|---|---|---|---|---|---|
| NGO/गैरसरकारी संस्था | | INGO/अन्तराष्ट्रिय गैरसरकारी संस्था | | GO/सरकारी संस्था | |
| Local Government/ स्थानीय निकाय | | Bi-Lateral Donor / द्वीपक्षीय दात्रि निकाय | | Multi -Lateral Donor/ बहुपक्षीय दात्रि संस्था | |

6. Type of Organization (✓)/संस्थाको प्रकृति:

7. Year of Establishment/स्थापना वर्ष:___________________________

8. Govt. Registration No./दर्ता नं:______________________________

9. Social Welfare Council Affiliation No./समाजकल्याण परिषदको आवद्धता नं.____________________________________________________

10. Goal of the Organization/संस्थाको लक्ष्य:______________________

____________________________________________________

10. Objectives of the Organization/संस्थाका उद्देश्यहरु:_______________

____________________________________________________

____________________________________________________

11. Major working areas and major activities performed and ongoing / मुख्य काम गर्ने क्षेत्र तथा क्रियाकलापहरु _____________________________

____________________________________________________

____________________________________________________

12. Project Period/कार्यक्रम समयावधि:___________________________



13. Annual Budget of the Project/ कार्यक्रमको वार्षिक खर्च:____________

14. Target group/ Age grouउरलक्षित वर्ग वर्ष समूह:__________________

15. No.of Beneficiaries Annually/ वार्षिक लाभान्वित संख्या______________

16. Major Operational Mode(s)/प्रमुख कार्यविधि:___________________

| If any Humanitarian Service/ मानवीय सेवा सम्वन्धी काम भए | | | | | | |
|---|---|---|---|---|---|---|
| Distribution Food/Clothes खाना, कपडा, वितरण | Medical Support स्वास्थ्य सेवा | Rehabilitation पूनर्स्थापना | Transit Homes आवधिक गृह | Free Legal Aid निःशुल्क कानूनी सहायता | Psychosocial Counselling मनोसामाजिक परामर्श | Other Emergency Support (specify) अन्य आपतकालिन सेवा |
| | | | | | | |

| Advocacy\ Awareness/संचेतना तथा जनचेतना | | | | | |
|---|---|---|---|---|---|
| Lobbying लबिङ | Research अनुसन्धान | Campaigns/ awareness अभियान सचेतना | Trainings तालिम | Networking सञ्जाल | Other (specify) अन्य |
| | | | | | |
| | | | | | |
| | | | | | |

17. Area Coverage (Districts/ VDCs)/कार्यक्रम सञ्चालन भएको जिल्ला र गा.वि.स.:_______________________________________________

18. List of IEC and Advocacy Material Produced and Disseminated/ संचेतना सामग्री उत्पादन तथा वितरण:

| S.N. क्र.सं. | List of Books/Brochures/ Booklets/ किताब/ब्रोसियर/बुकलेट | No. of Copies संख्या | Year of production प्रकाशन वर्ष |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

| | | | |
|---|---|---|---|
| | | | |
| | | | |

| S.N. क.सं. | List of Posters पोष्टर | No. of Copies संख्या | Year of Production प्रकाशन वर्ष |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

| S.N. क.सं. | List of Audio-Visual Matrials श्रव्य दृष्य सामग्री | No. of Copies संख्या | Year of Production प्रकाशन वर्ष |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

19. Funding Source/organization/सहयोग श्रोत/संस्था:

____________________________________________

____________________________________________

20. Partner Organizations/साझेदारी संस्था:

____________________________________________

____________________________________________

21. Monitoring/Follow up/ Future Programme/ अनुगमन/भावी कार्यक्रमहरु:

____________________________________________

____________________________________________

22. Branch Office in Nepal (AbroadIf Any)/शाखा कार्यालय:

____________________________________________

____________________________________________

**Information provided by/ सूचना प्रदान गर्ने व्यक्ति:**



Name/नाम:____________________________________________

Designation/पद: ____________________________________________

Date/मिति: Signature/सही:

***

# कारागार तथा हिरासत अनुगमन मार्ग–निर्देशिका, २०६७

**प्रस्तावना**

कारागार तथा हिरासत कक्षहरुको अवस्था तथा कैदिबन्दीहरुको मानव अधिकारको सम्वन्धमा आवश्यक व्यवस्था गर्न, कारागार प्रशासन, कैदीबन्दीहरुको आचरण, अनुशासन, सुरक्षाकर्मीको दायित्व र कर्तव्य सम्वन्धमा अनुगमन गर्न आयोगको अनुगमन टोली तथा सरोकारवालाहरु सबैलाई मद्दत पुर्‍याउने, र सो को अनुगमन गर्न सहज होस् भन्ने उद्देश्यले मानव अधिकार आयोग ऐन, २०५३ को दफा २३ तथा राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम (३१) बमोजिम राष्ट्रिय मानव अधिकार आयोगद्वारा यो अनुगमन मार्ग-निर्देशिका जारी गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

१.१ **नामः** यस निर्देशिकाको नाम "**कारागार तथा हिरासत अनुगमन मार्ग-निर्देशिका, २०६७**" रहेको छ ।

१.२ **प्रारम्भः** यो मार्ग- निर्देशिका मिति २०६७ असोज ७ गते देखि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** यस निर्देशिकाको प्रयोजनको लागिः

२.१ "**आयोग**" भन्नाले प्रचलित संविधान र कानून अनुसार स्थापित राष्ट्रिय मानव अधिकार आयोगलाई सम्झनु पर्दछ ।

२.२ "**कारागार**" भन्नाले कैदी वा थुनुवालाई कानून बमोजिम कैद गर्नको निमित्त बनेको वा तोकिएको घर कोठा वा त्यस्तै अरु



कुनै ठाउँ र त्यस्तो घर कोठा वा ठाउँले चर्चेको जग्गालाई समेत सम्झनु पर्छ ।

२.३ "**कैदी**" भन्नाले कुनै अदालत वा अधिकार प्राप्त अधिकारीको निर्णयले कैदको सजाय पाई कैद भुक्तान गर्न कारागारमा रहेको व्यक्तिलाई सम्झनु पर्छ ।

२.४ "**थुनुवा**" भन्नाले अपराधको अनुसन्धान तहकिकात वा पुर्पक्षका लागि प्रहरी वा अन्य निकायको हिरासतमा रहेको वा सार्वजनिक सुरक्षा ऐन, २०४६ अन्तर्गत थुनामा रहेको व्यक्तिलाई सम्झनु पर्छ ।

२.५ "**बन्दी**" भन्नाले कारागार वा हिरासतमा थुनामा रहेको व्यक्तिलाई सम्झनु पर्छ ।

२.६ "**हिरासत**" भन्नाले थुनामा राख्ने, कैदमा राख्ने र नजरबन्दमा राख्ने कामलाई समेत सम्झनु पर्छ ।

३. **प्रशासन र व्यवस्थापन सम्वन्धमा**

कारागार व्यवस्थापन सम्वन्धी विषयमा अनुगमन गर्दा देहायका विषयमा ध्यान दिनु पर्नेछः-

३.१ कारागार संचालन सम्वन्धी नीति तथा कार्यविधि निर्माण भए/नभएको ।

३.२ कारागारमा हुनसक्ने आकष्मिक घटनाहरुको समाधानको पूर्व-तयारी योजना निर्माण भए/नभएको

३.३ कारागार प्रशासनसँग सम्वन्धित कर्मचारीलाई कारागार ब्यवस्थापन र संचालन तथा मानव अधिकार सम्बन्धी आधारभूत तालिमको ब्यवस्था भए/नभएको

३.४ सरकारी अधिकारी तथा मानव अधिकारकर्मीको नियमित अनुगमन एवं निरीक्षण संयन्त्र तथा नीति निर्माण भए/नभएको

३.५ कारागारमा भएको कुनै पनि घटनाको सम्वन्धमा सम्बन्धित माथिल्लो अधिकारीलाई सूचित गर्ने प्रभावकारी

संचार-संयन्त्र तथा थुनुवा सम्वन्धी सुचित गर्ने संयन्त्रको व्यवस्था भए/नभएको

३.६ कारागार वा हिरासतमा कैदिबन्दीको हत्या, मृत्यु सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगलाई २४ घण्टा भित्र सूचित गर्ने संयन्त्रको व्यवस्था भए/नभएको

३.७ मृतकको पोष्टमार्टम अनिवार्यरुपमा गरिनु पर्ने हुँदा सो भए/नभएको

३.८ कारागारका चौकिदार, नाइके आदिले गर्ने कार्यहरुको अनुगमन कारागार कार्यालय अन्तर्गतका निजामती कर्मचारीले गर्ने व्यवस्था भए/नभएको

३.९ कारागार वा हिरासतको क्षमताभन्दा बढी कैदि वा थुनुवा रहे/नरहेको

३.१० कैदिबन्दी वा थुनुवाहरुलाई जातजाति, धर्म, उत्पत्ति, राजनैतिक आस्था आदिको आधारमा विभेद गरिए/नगरिएको

३.११ यो मार्ग-निर्देशिका बमोजिम अनुगमन भए/नभएको ।

## ४. कारागार तथा हिरासत कक्षको अभिलेख प्रणालीमा सुधार सम्वन्धमा

कारागार तथा हिरासत कक्षको अभिलेख प्रणालीको सम्वन्धमा अनुगमन गर्दा देहायका विषयमा ध्यान दिनु पर्नेछ :-

४.१ घाइते, विरामी, रोगी कैदिबन्दीहरुको अभिलेख दुरुस्त राख्ने व्यवस्था भए/नभएको

४.२ कैदमा रहँदा अस्वस्थ्य भई विरामीको कारण मृत्यु भएको कैदिबन्दीहरुको अभिलेख राखिए/नराखिएको

४.३ कैदवाट छुटेका, अन्यत्रवाट सरी आएका र गर्भवती कैदिबन्दीहरुको अभिलेख राखिए/नराखिएको



४.४ कारागारमा रहेका कैदिबन्दीहरुको अभिलेखको विस्तृत विवरण चुस्त, दुरुस्त राखिए/नराखिएको

४.५ कारागार सरुवा भई गएका र आएका बन्दीहरुको अभिलेख अद्यावधिक र दुरुस्त राखिए/नराखिएको

४.६ कारागारको क्षमताभन्दा बढी थुनुवा भएको कुराको अभिलेख राख्न माथिल्लो निकायमा जानकारी दिने व्यवस्था भए/नभएको

४.७ कैद ठेकिएका तथा कैद नठेकिएका बन्दीहरुको कैदको अवधि एवं छुटने मिति उल्लेख गरी अभिलेख राखिए/नराखिएको

४.८ कैदको अवधि कुनै कारणवस ज्ञात हुन नआएमा सोको जानकारीको लागि सम्बन्धित निकायसँग समन्वय गरी कैद अवधिको अभिलेख राखिए/नराखिएको

४.९ म्यादथप गरी राख्नु पर्ने बन्दीको विवरण तथा मुद्धाको अनुसन्धान कुन तहको अधिकृतबाट भएको हो, सो उल्लेख गरी अभिलेख राखिए/नराखिएको

४.१० अभिलेखहरुको सुरक्षाको उपयुक्त व्यवस्था भए/नभएको ।

## ५. कारागार तथा हिरासतको सुरक्षासम्वन्धमा

कारागार तथा हिरासत कक्षको सुरक्षा सम्वन्धमा अनुगमन गर्दा देहायका विषयमा ध्यान दिनु पर्नेछः-

५.१ हतियारको सुरक्षा तथा त्यसको जिम्मा एवं जवाफदेहीताको सुनिश्चितता गरिए/नगरिएको

५.२ रासायनिक वस्तुहरु, अश्रुग्यास जस्ता सामग्रीहरुको सुरक्षित भण्डारण तथा अग्नी नियन्त्रक वस्तुहरुको व्यवस्था भए/नभएको

५.३ कारागार वा हिरासत कक्षहरुको द्वारहरुको (ढोका) साँचो (चाबी) को सुरक्षण तथा त्यसको जिम्मा एवं जवाफदेहिता उपयुक्त ढंगले तोकिए/नतोकिएको

५.४ थुनुवा वा कैदीहरुवीच हुने आपसी झगडा, हिंसा तथा आत्महत्याका प्रयासहरुको रोकथामको लागि विशेष व्यवस्था गरिए/नगरिएको

५.५ भान्सामा प्रयोग हुने हतियार तथा सामाग्रीहरुको सुरक्षित भण्डारणको ब्यवस्था गरिए/नगरिएको

५.६ कारागार तथा हिरासतको विद्युतीय वायरिंग सुरक्षाको दृष्टिकोणले मजबुत बनाई विद्युतीय कारणवाट दुर्घटना हुन नसक्ने अवस्थाको ब्यवस्था भए/नभएको

५.७ सुरक्षाको कारण देखाई कैदीबन्दीहरुको अधिकार घटाइने वा हनन् गरिने कार्यहरु गरिए/नगरिएको

## ६. कैदी तथा बन्दीहरुको अलग–अलग बसोवासको ब्यवस्था सम्वन्धमा

कारागार र हिरासत केन्द्रमा राखिएका कैदिबन्दीहरुको लागि बसोवासको सम्वन्धमा अनुगमन गर्दा देहायका विषयमा ध्यान दिनु पर्नेछः-

६.१ सरुवा तथा अन्य संक्रमित रोगहरु लागेका बन्दी तथा कैदीहरुलाई छुट्टाछुट्टै राखिए/नराखिएको

६.२ मानसिक रुपमा अशक्त भएका बन्दी तथा कैदीहरुलाई छुट्टै राखिए/नराखिएको

६.३ आफुलाई र अरुलाई हानी पुऱ्याउने तथा सुरक्षाको दृष्टिकोणले भिन्दा भिन्दै राखिनु पर्ने कैदिबन्दीहरुलाई छुट्टै राखिए/नराखिएको

६.४ महिला कैदिबन्दीहरुलाई छुट्टै राख्ने व्यवस्था भए/नभएको



६.५ बालबन्दी तथा बालकैदीहरुलाई बालसुधार गृहमा स्थानन्तरण गरिए/नगरिएको

६.६ शारिरिक रुपले अपांगता भएका र मानसिक रोगबाट ग्रसित बन्दी तथा कैदीहरुलाई सवै स्थानमा पहुँच सहित विशेष ब्यवस्था गरिए/नगरिएको

६.७ गर्भवती कैदिबन्दीहरुको लागि स्याहार सुसार सहितको विशेष ब्यवस्था भए/नभएको

६.८ आश्रित बालवालिकाहरुलाई छुट्टै बालगृहमा राखिए/नराखिएको र साना बालबच्चाहरुको लागि बाल स्याहार कक्षको ब्यवस्था गरिए/नगरिएको

६.९ कैदि तथा बन्दीहरुलाई अलग अलग राखिए/नराखिएको

## ७. अनुशासनात्मक कार्यविधि सम्बन्धमा

कैदी तथा बन्दीहरुको अनुशासन सम्वन्धमा अनुगमन गर्दा देहायका विषयमा ध्यान दिनु पर्नेछः-

७.१ कैदीबन्दीहरुको अनुशासन कायम गर्न आचारसंहिताको व्यवस्था भए/नभएको

७.२ अनुशासन उल्लंघनमा सजायको ब्यवस्था सम्बन्धी कार्यविधि बनाई औपचारिक रुपमा व्यवहारमा स्थापित गर्न र प्रयोग गर्न सबैले देख्ने स्थानमा राखिए/नराखिएको

## ८. शिक्षा, सूचना तथा शीप विकास सम्बन्धमा

कैदिबन्दीहरुको शिक्षा, सूचना तथा शीप विकासको अवसर सम्वन्धमा अनुगमन गर्दा देहायका विषयमा ध्यान दिनु पर्नेछः-

८.१ कैदिबन्दीहरुको शिक्षा प्राप्त गर्ने अधिकारको सुनिश्चितता भए/नभएको

८.२ कैदी बन्दी तथा उनीहरुको साथ बस्ने बालबालिकाको प्राथमिक शिक्षा अनिवार्य र निशुल्क गरिए/नगरिएको

८.३ कैदिबन्दीहरुको माध्यमिक शिक्षाको लागि शिक्षक तथा पाठ्य सामग्रीहरुको ब्यवस्था गरिए/नगरिएको

८.४ कैदिबन्दीहरुको उच्च शिक्षा अध्ययन गर्नको लागि परीक्षा तथा पाठ्य सामग्रीहरुको पहुँचको ब्यवस्था भए/नभएको

८.५ कारागारमा साक्षरता कार्यक्रमको ब्यवस्था भए/नभएको

८.६ कारागार तथा हिरासतमा संचारका लागि टेलिफोन तथा पत्राचारको लागि हुलाक सेवाको ब्यवस्था भए/नभएको

८.७ कारागार तथा हिरासतमा पत्रपत्रिका, पुस्तकालय तथा अध्ययन कक्षको ब्यवस्था भए/नभएको

८.८ कारागार भित्र कामगर्ने अवसरहरुको सृजना तथा शीपमूलक तालिमहरुको संचालन र ब्यवस्था भए/नभएको

८.९ कारागार तथा हिरासतमा व्यवस्थित ढंगले उत्पादन गरिएका सामग्रीहरुको उचित बजार व्यवस्थापन भए/नभएको

## ९. कारागार तथा हिरासत कक्षको भौतिक पूर्वाधार र सुविधा सम्वन्धमा

कारागार तथा हिरासत कक्षको भौतिक पूर्वाधार र सुविधा सम्वन्धमा अनुगमन गर्दा देहायका विषयमा ध्यान दिनु पर्नेछ :-

९.१ कैदीबन्दीहरु रहन, बस्नको निमित्त पर्याप्त भौतिक पूर्वाधारको ब्यवस्था भए/नभएको

९.२ कैदीबन्दीहरुको संख्याको आधारमा पर्याप्त शौचालयहरुको ब्यवस्था भए/नभएको



९.३ हातमुख धुने, लुगाधुने तथा नुहाउने स्थानहरुको लागि आवश्यक पर्ने साबुन, पानीसहित को व्यवस्था भए/नभएको

९.४ कैदीबन्दी सुत्ने, बस्ने स्थानमा उपयुक्त तापक्रम र प्राकृतिक उज्यालोको ब्यवस्था गरिए/नगरिएको ।

९.५ यथासंभव धुम्रपान निषेध गर्ने काम एवं धुम्रपानको लागि छुट्टै स्थानको ब्यवस्था भए/नभएको

९.६ मादक पदार्थ सेवनलाई प्रतिबन्ध लगाइए/नलगाइएको

९.७ व्यायाम गर्ने स्थान सहितको व्यायाम सामग्रीको ब्यवस्था भए/नभएको

९.८ ओढ्ने, ओछ्याउने कपडाको पर्याप्त ब्यवस्था भए/नभएको

९.९ कम्तिमा महिनामा एक पटक कपाल काटने सुविधा उपलब्ध भए/नभएको

९.१० क्यान्टिन तथा सुलभ रुपमा विक्रि वितरण गर्ने मूल्य सुचि सहितको पसलको ब्यवस्था भए/नभएको

९.११ खानाको लागि मेस प्रणालीको ब्यवस्था भए/नभएको

९.१२ पौष्टिक तथा स्वास्थ्यकर खाद्यान्न तथा स्वच्छ पीउने पानी आपूर्तिको ब्यवस्था भए/नभएको

९.१३ समय समयमा विशेष पौष्टिक युक्त (Special Diets) खाद्यान्नको ब्यवस्था भए/नभएको

९.१४ आ-आफ्नो आस्था अनुसार धार्मिक पुजापाठ स्वतन्त्र र निर्वाधरुपमा संचालन गर्न पाउने ब्यवस्था तथा सो कार्यको लागि आवश्यक सामग्रीहरुको ब्यवस्था भए/नभएको

९.१५ कैदीबन्दीहरुलाई ध्यान गर्ने तथा धार्मिक अभ्यास गर्ने स्थानको ब्यवस्था भए/नभएको

९.१६ कैदीले कैद हुँदाका बखत ल्याएका तथा निजलाई पछि प्राप्त हुन आएका सामानको सुरक्षाको ब्यवस्था भए/नभएको

९.१७ उपलब्ध गराइएका सेवा सुविधाहरुको मरम्मत, संभार तथा रेखदेख, अनुगमन एवं नियन्त्रणको व्यवस्था भए/नभएको

**१०. कैदिबन्दीहरुको कियाकलाप सम्वन्धमा**

कैदीबन्दीहरुको क्रियाकलाप सम्वन्धमा अनुगमन गर्दा देहायका विषयमा ध्यान दिनु पर्नेछः-

१०.१ कारागार भित्र घुम्ने तथा आफन्त एवं कानून व्यवसायीसँग भेटघाट गर्ने कक्षको व्यवस्था भए/नभएको

१०.२ कानूनी परामर्श, मुद्दासम्वन्धी कागजातहरुको प्राप्ति र अदालती कारवाहीमा पहुँचको व्यवस्था भए/नभएको

१०.३ आफुले रोजेको कानून व्यवसायीसँग परामर्श गर्ने तथा असहाय, असमर्थहरुको लागि कानूनी सहायताको व्यवस्था भए/नभएको

१०.४ गुनासाहरु (Grievances) तथा समस्याहरु सुन्ने अधिकारीको व्यवस्था भए/नभएको

१०.५ समस्याहरुको छिटो समाधान गरिने प्रणाली र संयन्त्र विकसित भए/नभएको

१०.६ कैदिबन्दीहरुका बीचमा विभेद भए/नभएको? भएको पाइएमा त्यस्तो विभेदको अन्त्य गर्ने सम्वन्धमा प्रभावकारी काम भए/नभएको

१०.७ कैदिबन्दीहरुको बीच हुनसक्ने द्वन्द, अन्तर विरोध र झैंझगडाहरुलाई अनुगमन गर्ने, अनुशासन पालना गर्न लगाउने र द्वन्द व्यवस्थापन र मेलमिलापको लागि उपयुक्त सुनुवाई गर्ने संयन्त्रको व्यवस्था भए/नभएको ।

**११. कैदिबन्दीहरुको स्वास्थ्य, उपचार तथा कारागार एवं हिरासत कक्षको सरसफाइ सम्वन्धमा**

कैदिवन्दीहरुको स्वास्थ्य, उपचार तथा सरसफाइको बन्दोबस्तीको अनुगमन गर्दा देहायका विषयमा ध्यान दिनु पर्नेछः-



११.१ चिकित्सा सेवा र सुविधा उपलब्ध भए/नभएको

११.२ आकष्मिक उपचार, उपचार सामग्रीको व्यवस्था तथा चिकित्सक र अस्पतालसम्मको सहज पहुँचको व्यवस्था भए/नभएको

११.३ विरामी भएको अवस्थाको जानकारी सम्बन्धित परिवार, नातेदारलाई चाँडो दिन सकिने संचार माध्यमको व्यवस्था भए/नभएको

११.४ अत्यावश्यक औषधी तथा प्राथमिक उपचारको सेवा चौबिसै घण्टा उपलब्ध भए/नभएको

११.५ विशेष उपचारको आवश्यकता पर्नेहरुको लागि विशेष व्यवस्था भए/नभएको

११.६ गर्भवती महिला, नवजात शिशु र तीनिहरुका आमाको लागि पौष्टिक आहार, विशेष रेखदेख तथा संरक्षण, ओढने ओछ्याउने लुगाफाटो, तेलको समुचित व्यवस्था तथा न्यानोको लागि संभव भएसम्मको व्यवस्था भए/नभएको

११.७ कारागार तथा हिरासत भित्र सरसफाई तथा स्वस्थ्य वातावरण कायम भए/नभएको

११.८ रोग तथा फोहोर हुन नदिन आवश्यक सरसफाइको व्यवस्था मिलाए/नमिलाएको

११.९ हिरासत कक्ष तथा कारागारमा राखिनु पूर्व र रिहा भएपछी बन्दी तथा कैदीहरुको अनिवार्य रुपमा स्वास्थ परीक्षण तथा त्यसको अभिलेख राख्ने व्यवस्था भए/नभएको

**१२. कैदीबन्दीहरुसँग गरिने व्यवहार सम्वन्धमा**

कारागार तथा हिरासत अनुगमन गर्दा निम्न विषयमा ध्यान दिनु पर्नेछ :-

१२.१ कैदी तथा थुनुवाहरुलाई हतकडी, चेन, नेलकडी लगाए/नलगाएको

१२.२ मानसिक यातना हुने गरी आखाँमा पट्टी बाँधेर वा एकान्तरुपमा हिरासत तथा कारागारमा राखिए/नराखिएको

१२.३ कैदीबन्दीहरुलाई हिरासत तथा कारागारमा कुनै पनि प्रकारको शारिरिक तथा मानसिक यातना दिए/नदिएको

१२.४ कारागार तथा हिरासतको भौतिक पूर्वाधारहरुको नियमित मरम्मत संभार भए/नभएको

१२.५ तेस्रो पक्षबाट भएको कानूनी, आर्थिक लगायत अन्य विशेष सहयोगसम्वन्धी सूचना संकलन गरी दुरुस्त राखिए/नराखिएको

१२.६ गोपनीयताको अधिकार सुनिश्चित भए/नभएको

१२.७ कारागार निरीक्षण पुस्तिकाको व्यवस्था भए/नभएको

**१३. उजुरी सम्वन्धमा**

कैदिबन्दीहरुलाई प्रशासनीक एवं सुरक्षा सम्वन्धी निकाय/अधिकारीहरुले गरेको दुर्व्यवहार, खासगरी यातना वा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार भएको अवस्थामा उपचारको लागी निम्नानुसारको व्यवस्था भए/नभएको सम्वन्धमा ध्यान दिनु पर्दछ:-

१३.१ आफुमाथि भएको विभेद र दुर्व्यवहारको विषयमा सम्वन्धित निकायमा उजुरी दिने व्यवस्था भए/नभएको

१३.२ उजुरीकर्ताको अनुरोध अनुसार उजुरीको विषयमा गोप्यता राखे/नराखेको

१३.३ उजुरीको सम्वन्धमा सम्वन्धित निकायबाट तदारुकताका साथ सम्वोधन भए/नभएको

१३.४ कारागार/हिरासतको प्रमुखसँग आफ्ना गुनासा राख्न पहुँच भए/नभएको



१३.५ उजुरी माथि भएका सम्वोधनहरु के कस्ता छन्, त्यसबारे तथ्यांक राख्ने गरे/नगरेको

**१४. कारागार तथा हिरासत अनुगमनकर्ताहरुको सम्वन्धमा**

आयोग लगायत सरोकारवाला निकायका प्रतिनिधिहरुले कारागार तथा हिरासतमा रहेका कैदिबन्दीहरुको अवस्था सम्वन्धमा अनुगमन गर्दा अनुसूचि १ र २ मा उल्लेखित निम्न कुराहरुमा ध्यान पुऱ्याउनु पर्दछ :-

(क) अनुगमन भ्रमण टिपोट सम्वन्धी फाराम

(ख) अनुगमन भ्रमण सम्वन्धी चेकलिष्ट

**१५ विविध**

१५.१ यस मार्ग-निर्देशिकामा उल्लेखित न्यूनतम मापदण्डहरु अवलम्बन नभएको बारेमा गुनासो भए सम्वन्धित व्यक्तिले कारागार/हिरासतसँग सम्वन्धित जिम्मेवार निकायमा आफ्नो गुनासो/उजुरी राख्न सक्नेछ र सो को छाँयाप्रति वा छुट्टै उजुरी राष्ट्रिय मानव अधिकार आयोगलाई दिन सक्नेछ ।

१५.२ हिरासत तथा कारागारहरुको नियमित अनुगमनको आधारमा आधारभूत आवश्यकता सम्वन्धमा सुधारको निम्ति आयोगले नेपाल सरकारलाई आवश्यक सिफारिस गर्न सक्नेछ ।

***

अनुसूची १

## अनुगमन भ्रमण टिपोट सम्वन्धी फाराम

१.१ **व्यवहार**

- यातना तथा दुर्व्यवहारको आरोप
- बल तथा अन्य बन्देजका उपायहरुको प्रयोग
- एकान्त काराबासको प्रयोग

१.२ **संरक्षणका उपायहरु**

- थुनुवाहरुलाई सुचित गर्ने कार्य
- तेश्रो पक्षलाई जानकारी दिन सकिने सम्भावना
- आन्तरिक नियम तथा कार्यविधिको पहुँच

१.३ **अनुशासनात्मक कार्यविधि तथा सजाय**

- कार्यविधिको संक्षिप्त वर्णन
- अनुशासन निकायको गठन
- प्रतिनिधित्व लगायत पुनरावेदन गर्ने सम्भावना
- दण्ड सजायको प्रकार तथा यसको नियमितता ( समानुपातिकता)
- पक्राउ पछि चिकित्सकबाट परीक्षण
- प्रकार तथा कारणका आधारमा गरिएका दण्ड सजायको तथ्याङ्क
- अनुशासित एकाइ

१.४ **उजुरी तथा निरीक्षण कार्यविधि**



- उजुरी तथा निरीक्षण कार्यविधिको विद्यमानता
- कार्यविधिको स्वतन्त्रता
- कार्यविधिमा पहुँच (सहज र प्रभावकारी पहुँच ?)

१.५ **विभिन्न थुनुवा बन्दीहरुलाई छुट्याउने कार्य**

- थुनुवा बन्दीहरुको अभिलेख पुस्तिका
- विभिन्न खालका थुनुवा बन्दीहरुको संख्या ( स्वदेशी, विदेशी )
- विदेशी नागरिकहरुको प्रतिशत
- लिङ्ग तथा उमेरका आधारमा वर्गीकरण

१.६ **कारागार तथा हिरासत कक्षहरुको भौतिक अवस्था**

- आकार र यसको क्षमता/हाल प्रत्येक कैदिबन्दीहरुको कक्षमा राखिएको बन्दी संख्या
- प्रकाश, हावाको वहाव, फर्निचर, पुस्तक पत्र-पत्रिकाको उपलब्धता

१.७ **खानपिन/व्यक्तिगत सरसफाइ**

- खाना (गुणस्तर, मात्रा, प्रकार, पटक)
- विशेष खाद्य व्यवस्था (स्वास्थ्य, सांस्कृतिक र धार्मिक आधारमा)
- धारा (थुनुवा र अन्यका लागि धाराको संख्या, सरसफाई र प्रयोग गर्न पाउने पटक र मर्मतको अवस्था)
- सरसफाइ सुविधा (थुनाकक्ष भित्र र बाहिरको सरसफाइ)
- विस्तरा (गुणस्तर, सरसफाई र फेरबदलको स्थिति)
- धोबीको उपलब्धता
- स्वास्थ्यको अवस्था

## १.८ समय व्यवस्थापन

- दिनहुँ थुनाकक्षमा बिताउने समय
- शारीरिक अभ्यासमा बिताउने समय
- दिनहुँ काम गरेर बिताउने समय
- दिनहुँ थुनाकक्ष बाहिर बिताउने समय
- प्रत्येक हप्ता खेलकुदमा बिताउने समय
- अन्य क्रियाकलापमा बिताउने समय

## १.९ उपलब्ध क्रियाकलाप

- **कामः** काममा पहुँच, कामको प्रकार, काम गर्ने थुनुवाको प्रतिशत, काम गर्नुपर्ने बाध्यता, तलब, सामाजिक सम्पर्क, कार्यस्थलको वर्णन
- **शिक्षाः** अध्ययनमा पहुँच, उपलब्ध अध्ययनका क्षेत्रहरु (साक्षरता, माध्यमिक विद्यालय, व्यवसायिक तालिम, शीप विकास, विश्वविद्यालय शिक्षा) विषयहरुको बारम्बारता, यसका आयोजकहरु, शिक्षकहरु, अध्ययनरत थुनुवाको प्रतिशत, कक्षा कोठाको वर्णन
- **फुर्सदः** फुर्सदका क्रियाकलापका प्रकार, तिनमा पहुँच, फुर्सद कक्षहरुको वर्णन र खेल सुविधा, पुस्तकालय आदि
- **धार्मिक क्रियाकलापः** धार्मिक (प्रतिनिधित्व गरिएका धर्महरु, पहुँचका सर्तहरु, निरन्तरता तथा भ्रमण अवधि) धार्मिक सेवा (पहुँच, परिसर), नित्यकर्म र खानपान जस्ता धार्मिक संस्कारहरु अनुशरण गर्न पाउने अवसर

## १.१० बाह्य दुनियासँगको सम्पर्क

- **भ्रमणः** पहुँच, निरन्तरता, भ्रमणका सर्तहरु, भ्रमणको अवधि र यसको नियमितता, नातेदार केटाकेटी तथा श्रीमान्/श्रीमतीद्वारा हुने भ्रमण, भ्रमण कक्षको वर्णन



- **पत्राचार तथा नासोः** बारम्बारता र यसमाथि हुने छानबिन
- टेलिफोन (बारम्बारता, शर्तहरु, विदेशी नागरिकहरु)

## १.११ स्वास्थ्यकर्मी/स्वास्थ्योपचारमा पहुँच

- चिकित्सक, नर्स, मनोचिकित्सक तथा मनोविश्लेषक र अन्य व्यक्तिहरुको संख्या र तिनको उपलब्धता
- थुना चलान पछि गरिने स्वास्थ्य परीक्षण
- स्वास्थ्य सेवाका निम्ति अपनाउनु पर्ने कार्यविधि
- अस्पताल कक्ष, बेड संख्या, उपकरण र औषधि
- सँगै स्वास्थ्य उपचार पाइरहेका अन्य व्यक्तिहरु

## १.१२ कारागार-कर्मचारी

- विभिन्न प्रकारका कर्मचारीहरुको संख्या
- पाले र कैदिबन्दीहरुका साथै व्यवस्थापन र कैदिबन्दीहरु बीचको सम्बन्ध
- कारागार कर्मचारीहरुलाई प्रदान गरिने आधारभूत तथा निरन्तर प्रदान गरिने तालिमहरु
- कारागार निरीक्षण पुस्तिका अध्यावधिक राखे/नराखेको

***

अनुसूची २

# अनुगमन भ्रमण सम्वन्धी चेकलिष्टप

## २.१ कारागारसम्बन्धी सामान्य जानकारी

- कारागारको नाम
- कारागारको प्रकार
- ठेगाना
- निकाय प्रमुखको परिचय
- सहायक प्रमुख (प्रमुखहरु) को परिचय

## २.२ अनुगमन भ्रमणबारे सामान्य जानकारी

- भ्रमण मिति
- भ्रमणको प्रकार र उद्देश्य
- अघिल्लो भ्रमण भएको मिति
- भ्रमण दलका सदस्यहरुको परिचय

## २.३ कारागार/संस्थापनको क्षमता

- प्रशासनिक क्षमता
- आम क्षमता
- भ्रमणको पहिलो दिनमा स्वतन्त्रताबाट बञ्चित गरिएका व्यक्तिहरुको संख्या (थुनुवाहरुको प्रकार, लिङ्ग, उमेर र राष्ट्रियताका आधारमा )
- विदेशी बन्दीहरुको प्रतिशत
- विदेशी बन्दीहरुको उद्भवस्थल
- लिङ्गीय आधारको विवरण
- नावालक थुनुवा र कैदिबन्दीहरु



## २.४ कारागार/संस्थापनको संरचना

- भवनहरुको वर्णन- भवन संख्या, कति पुराना हुन सो कुरा, तिनको अवस्था मर्मतसम्भार, सुरक्षा अवस्था
- थुनाकक्षहरुको वर्णन र तिनमा उपलब्ध सुविधाहरु

## २.५ अनुगमन भ्रमण बारेमा जानकारी

- भ्रमणको सुरुआतमा भएको कुराकानी
- छलफल गरिएका विषयहरु
- थुनाका विविध पक्षहरु र सुझावहरु
- निरीक्षण/अनुगमनकर्ताको विवरण र मिति
- स्वतन्त्रताबाट बञ्चित व्यक्तिहरुले बताएअनुसारको कुरा
- थुनास्थलका निर्देशक तथा अन्य कर्मचारीहरुले जनाएअनुसारको कुरा
- भ्रमण दलले निरीक्षण गरेका तथ्य अनुसार पाइएको कुरा
- भ्रमणको अन्त्यमा छलफल गरिएका विषयहरु
- भ्रमणको अन्त्यमा प्राप्त जवाफहरु

## २.६ उठाइनु पर्ने कदमहरु

- तत्कालीन
- मध्यकालीन
- दीर्घकालीन

## २.७ साथमा राख्नु पर्ने सम्पर्क विवरणहरु

## २.८ अनुगमन भ्रमणको निरन्तरता

## २.९ आगामी भ्रमणमा हेरिनुपर्ने विषयहरु

***

# उपभोक्ताको मानव अधिकार संरक्षण तथा सम्वर्द्धनका लागि अनुगमन मार्ग–निर्देशिका, २०६८

मानव अधिकारको विश्वव्यापी घोषणा-पत्र १९४८ को धारा ३१ (२) मा प्रत्येक व्यक्तिलाई देशबाट उपलब्ध सेवामा समान पहुँच पाउने अधिकार, धारा २५ (१) मा प्रत्येक व्यक्तिलाई आफ्नो र आफ्नो परिवारको स्वास्थ्य कल्याणको लागि खाद्यान्न, कपडा, आबास, औषधी उपचारको सुविधा र सामाजिक सेवा पाउने व्यवस्था गरेकोले,

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको १९६६ को धारा ११ ले भोकबाट मुक्त हुने प्रत्येक व्यक्तिको आधारभूत अधिकारलाई स्वीकार गर्दै प्रत्येक व्यक्तिको पर्याप्त खाद्य समस्याको लागि पक्ष राष्ट्रहरुले खाद्यान्नको उत्पादन, संचय तथा वितरणमा सुधार, नियमन, आपूर्तिको समन्यायिक वितरणको सुनिश्चितता सहितको अनुगमनको दायित्व राज्यलाई तोकेको, धारा १२ द्वारा स्वास्थ्यको अधिकारको सुनिश्चितता गरिएको र धारा १३ द्वारा निःशुल्क शिक्षा तथा धारा १५ ले विज्ञान तथा प्रविधिको उपयोगिताको फाइदा उपयोग गर्न पाउने अधिकारको सुनिश्चितता गरेकोले,

उपभोक्ताहरुको व्यापक हित संरक्षण प्रवर्द्धन र अधिकार सुरक्षाका लागि राष्ट्रिय र अन्तर्राष्ट्रिय रुपमा नीति र ऐन नियम बनाउन अभिप्रेरित गर्ने र उपभोक्ताहरुको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले अन्तर्राष्ट्रिय नियमन संरचना (International Regulatory Framework) का रुपमा संयुक्त राष्ट्र संघले जारी गरेको उपभोक्ता



संरक्षण सम्बन्धी दिग्दर्शन ९ अप्रिल १९८५ मा जारी भएको व्यवस्थालाई सन् १९९९ मा विस्तार गरी सुरक्षाको अधिकार, सुसूचित हुने अधिकार, छनौटको अधिकार, सुनुवाई तथा क्षतिपूर्तिको अधिकार, उपभोक्तामा शिक्षाको अधिकार, आधारभूत आवश्यकता पूर्तिको अधिकार र स्वच्छ तथा स्वस्थ वातावरणको अधिकार समेत ८ अधिकारलाई प्रत्याभूति गरी प्रत्येक सदस्य राष्ट्रले त्यसको रक्षा प्रबर्द्धन गर्नुपर्ने व्यवस्था गरिएकोले उल्लेखित अधिकार संरक्षित र सम्बर्द्धन भए नभएको अनुगमन गर्नुपर्ने भएकोले,

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६ को धारा ११ लाई संयुक्त राष्ट्र संघ आर्थिक तथा सामाजिक समितिले सन् १९९९ मा सामान्य टिप्पणी नं. १२ मार्फत पर्याप्त तथा गुणस्तरयुक्त खाद्य वस्तु वा मानवीय मर्यादाका साथ खाद्यान्न खरिद गर्ने श्रोतमा आर्थिक र भौतिक पहुँच भएमा मात्र खाद्यान्नको अधिकार कार्यान्वयन हुन सक्ने व्याख्या गरेको र सोही समितिले सन् २००० मा धारा १२ (१) को व्याख्या गर्दै सामान्य टिप्पणी नं. १४ मार्फत जारी शरीर र स्वास्थ्य नियन्त्रणको अधिकार स्वास्थ्य रक्षा प्रणालीको सुनिश्चितताको अधिकार हुने गरी व्यवस्था गरेकोले अधिकारलाई राज्यबाट लागु गरे नगरेको अनुगमन तथा सुपरिवेक्षण गर्नुपर्ने देखिएकोले,

राष्ट्र संघीय मानव अधिकार आयोगको सन् २००९ फेब्रुअरीमा सम्पन्न उच्चस्तरीय बैठकले खाद्यान्नको अधिकारलाई मानव अधिकारको रुपमा उल्लेख गर्दै राष्ट्रहरुले उपयुक्त नियमन प्रणाली मार्फत खाद्यान्नको अधिकारहरु माथिका चुनौतीहरु खोज गर्न, राष्ट्रिय संयन्त्रहरुको प्रभावकारी समन्वय स्थापित गर्न, उत्तरदायित्व र जिम्मेवारी बढाउन

तथा आम उपभोक्ताको खाद्यान्न लगायत अत्यावश्यक वस्तु र सेवा पहुँच, उचित मूल्य र गुणस्तरीय वस्तु र सेवा उपलब्धताको अधिकार सुनिश्चितता गरिएकोले सो अधिकारको संरक्षण भए नभएको अनुगमन तथा सुपरिवेक्षण गर्न वाञ्छनीय देखिएकोले,

नेपालको राष्ट्रिय कानून उपभोक्ता संरक्षण ऐन, २०५४ ले देहायका अधिकार प्रत्येक वस्तु र सेवा खरिद तथा उपभोग गर्ने उपभोक्तालाई प्रदान गरिएकोले र ती अधिकारहरु मानव अधिकारसँग अन्योन्याश्रित ढंगले सम्बन्धित भएकोले ती अधिकारहरु संरक्षण गर्ने व्यक्ति वा संस्थाले गरेका काम कार्बाही र अनुगमनमा सहजीकरण गर्नुपर्ने भएकोले राष्ट्रिय मानव अधिकार आयोगद्वारा उपभोक्ताको मानव अधिकार संरक्षण र प्रबर्द्धनका लागि यो अनुगमन निर्देशिका, २०६८ तयार गरी जारी गरेको छ ।

**उपभोक्ता अधिकारहरु**ः

१. **सुरक्षित हुन पाउने अधिकार**ः उपभोक्ताको जीउ ज्यान, स्वास्थ्य तथा सम्पत्तिमा हानी पुऱ्याउने उपभोग्य बस्तु तथा सेवाको विक्री वितरणबाट सुरक्षित हुन पाउने अधिकार ।

२. **सूचित हुन पाउने अधिकार**ः उपभोग्य बस्तु तथा सेवाको मूल्य, परिमाण, शुद्धता, गुणस्तर आदिको सूचना वा जानकारी पाउने अधिकार ।

३. **छनौट गर्न पाउने अधिकार**ः प्रतिस्पर्धात्मक मूल्यमा उपभोग्यबस्तु तथा सेवाको छनौट गर्ने अवसर पाउने अधिकार ।



४. **सुनुवाईको अधिकार**ः उपभोक्ताको हक हित संरक्षणका सम्बन्धमा उपयुक्त निकायबाट सुनुवाई गर्न पाउने अधिकार ।

५. **क्षतिपूर्तिको अधिकार**ः अनुचित व्यापारिक क्रियाकलापबाट उपभोक्ताहरुमा हुने शोषण तथा मर्काका विरुद्ध सुनुवाईपछि क्षतिपूर्ति पाउने अधिकार ।

६. **उपभोक्ता शिक्षाको अधिकार**ः उपभोक्ता हक अधिकारका साथै उपभोग्य बस्तु वा सेवा बारे औपचारिक वा अनौपचारिक शिक्षा पाउने अधिकार ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३२, मानव अधिकार आयोग ऐन, २०५३ को दफा २३ र राष्ट्रिय मानव अधिकार आयोग ( उजुरी, कारवाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम २१ को अधिकार प्रयोग गरी राष्ट्रिय मानव अधिकार आयोगबाट यस **उपभोक्ताको मानव अधिकार संरक्षण तथा प्रबर्द्धनका लागि अनुगमन निर्देशिका**, २०६८ जारी गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ**ः

(१) यस निर्देशिकाको नाम **"उपभोक्ताको मानव अधिकार संरक्षण तथा प्रबर्द्धनका लागि अनुगमन निर्देशिका, २०६८"** रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा**ः बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः

(क) **“आयोग”** भन्नाले राष्ट्रिय मानव अधिकार आयोग सम्झनुपर्छ ।

(ख) **“ऐन”** भन्नाले मानव अधिकार आयोग ऐन, २०५३ सम्झनुपर्छ ।

(ग) **“उपभोक्ता”** भन्नाले कुनै उपभोग्य वस्तु वा सेवा उपभोग वा प्रयोग गर्ने व्यक्ति वा संस्था सम्झनुपर्छ ।

(घ) **“वस्तु”** भन्नाले उपभोक्ताले उपभोग वा प्रयोग गर्ने वस्तु वा वस्तुहरुको समिश्रणबाट बनेको पदार्थ सम्झनुपर्छ ।

(ङ) **“सेवा”** भन्नाले कुनै कामको निमित्त कुनैपनि किसिमको सेवाशुल्क वा प्रतिफल लिई वा नलिई प्रदान गरिएको श्रम सुविधा वा परामर्श सम्झनुपर्दछ ।

(च) **“प्रदायक”** भन्नाले कुनै वस्तु वा सेवा उत्पादन वा आयात वा बिक्री वितरण वा कुनै रुपमा बिक्री तथा प्रदान गर्ने व्यक्ति, संस्था वा निकाय सम्झनुपर्दछ । सो शब्दले सरकारी वा सहकारी वा नीजि व्यक्ति, संस्था निकायलाई सम्झनुपर्दछ ।

(छ) **“उपभोक्ता संस्था”** भन्नाले उपभोक्ताको हकहित तथा सम्बर्द्धन गर्न वा मानव अधिकार रक्षा गर्न कानून बमोजिम स्थापित संस्था सम्झनुपर्दछ ।

(ज) **“अनुगमनकर्ता”** भन्नाले नेपाल कानूनले बस्तु वा सेवाको अनुगमन तथा निरीक्षण वा अनुसन्धान गर्न जिम्मा पाएको निकाय वा निरीक्षक वा अधिकृत वा



आयुक्त र आयोगले बस्तु वा सेवा अनुगमन गर्न तोकेको अधिकारी समेतलाई सम्झनुपर्दछ ।

(झ) **“अनुचित व्यापारिक क्रियाकलाप”** भन्नाले कुनैपनि उपभोग्य बस्तु वा सेवाको वास्तविक गुणस्तर, परिमाण, मूल्य, नापतौल ढाँचा वा बनावट आदि, ढाँटी वा झुक्याई त्यस्तो उपभोग्य बस्तु वा सेवा विक्री वितरण वा प्रदान गर्ने, अन्य व्यक्तिले उत्पादन गरेको उपभोग्य बस्तुको गुणस्तर, परिमाण, मूल्य, नापतौल, ढाँचा, बनावट आदिमा असर पारी विक्री वितरण गर्ने कार्य सम्झनु पर्दछ ।

(ञ) **“कानुनद्वारा निषेधित र नियन्त्रित व्यापारिक क्रियाकलाप”** भन्नाले नेपाल कानूनले निषेधित र नियन्त्रित गरेको व्यापारिक क्रियाकलापलाई सम्झनु पर्दछ ।

(ट) **“एकाधिकारपूर्ण व्यापारिक क्रियाकलाप”** भन्नाले कुनै बस्तु र सेवाको उत्पादन, विक्री वितरण गर्ने व्यक्ति, प्रतिष्ठान, समूह, संघ, महासंघ आदिले आपसमा मिलि सम्झौता वा व्यवहारबाट बजारको ४० प्रतिशत वा सोभन्दा बढि हिस्सामा गर्ने व्यापारिक कारोबार समेतलाई सम्झनुपर्दछ ।

(ठ) **“अत्यावश्यक बस्तु”** भन्नाले यस निर्देशिकाको अनुसूचि १ मा उल्लेखित बस्तु सम्झनुपर्दछ ।

(ड) **“अत्यावश्यक सेवा”** भन्नाले आवश्यक सेवा ऐन २०१४ बमोजिम सूचिकृत सेवा सम्झनुपर्दछ ।

३. **आयोगले क्षेत्र तोक्ने**:

यस निर्देशिका बमोजिम काम गर्न आयोगले खाद्यान्न, खानेपानी, औषधी, लत्ताकपडा लगायत अत्यावश्यक वस्तु, क्षेत्र र स्वास्थ्य, शिक्षा, यातायात, संचार, विज्ञापन र दुर्गम क्षेत्रमा हवाई लगायतका अत्यावश्यक सेवा क्षेत्र तोकेको छ । आयोगले आबश्यकता अनुसार अन्य वस्तु र सेवा क्षेत्र तोक्न सक्नेछ ।

४. **आयोगले अनुगमन प्रतिवेदन र कागजात माग गर्नसक्ने**:

(१) यस निर्देशिका बमोजिम उपभोक्ताको मानव अधिकारसँग सम्बन्धित वस्तु वा सेवाको कुनैपनि प्रतिवेदन, अनुसन्धान, उजुरीको कार्वाही र कागजात आयोगले माग गर्न सक्नेछ ।

(२) आयोगले माग गरेको कागजात र जानकारी सम्बन्धित निकायले ७ दिन भित्र उपलब्ध गराउनु पर्नेछ ।

५. **अनुगमन गर्न सक्ने**:

(१) आयोगमा कुनैपनि उजुरी वा सूचनाबाट उपभोक्ताको मानव अधिकार हनन भएको जानकारी भएमा यस निर्देशिका बमोजिम कुनैपनि प्रदायक वा निकायको जुनसुकै स्थानको अनुगमन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुगमन गर्न आउने निकाय वा अधिकारीलाई अनुगमनकर्ताले मागेका जानकारी र कागजात उपलब्ध गराउनु पर्नेछ ।

६. **विशेषज्ञ वा अनुसन्धान वा परिक्षण प्रतिवेदन लिनसक्ने** :

(१) अनुगमनकर्ताले अनुगमन र अनुसन्धानको सिलसिलामा कुनैपनि सरकारी वा सरकारी स्वामित्वमा रहेका अनुसन्धानशाला वा प्रयोगशाला वा प्रतिष्ठानसँग विशेषज्ञ वा परिक्षण वा विश्लेषण प्रतिवेदन माग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुगमनकर्ताले प्रतिवेदन माग गर्दा माग गरिएको विषयसूची र समयावधि किटान गर्नुपर्नेछ ।



(३) उपदफा (१) बमोजिमको प्रतिवेदन समयावधि भित्रै उपलब्ध गराउनु अनुसन्धानशाला वा प्रयोगशाला वा प्रतिष्ठानको कर्तव्य हुनेछ ।

७. **अनुगमन गर्दा ध्यान दिनुपर्ने कुराहरु**: अनुगमनकर्ताले अनुगमन गर्दा देहायका कुराहरु विस्तृत रुपमा हेर्नुपर्नेछः

(१) वस्तु वा सेवाको आपूर्ति व्यवस्था के कस्तो भएको छ ? मूल्य सुलभ र पहुँचयोग्य छ वा छैन ? मापदण्ड अनुकूल गुणस्तर छ वा छैन ? नापतौल सामाग्री दुरुस्त छ वा छैन? मूल्यसूची र लेबल छ वा छैन ? जिल्ला वा स्थानीय निकायबाट नियमित बजार अनुगमन भएको छ वा छैन ?

(२) वस्तु वा सेवा क्षेत्रमा अनूचित व्यापारिक कृयाकलाप (Unfair Trade Practices), कानुनद्वारा नियन्त्रित वा निषेधित व्यापारिक कृयाकलाप (Restrictive Trade Practices) र एकाधिकारपूर्ण व्यापारिक कृयाकलाप (Monopolistic Trade Practice) छ वा छैन ?

(३) बस्तु वा सेवाको अनुगमन, अनुसन्धान वा निरिक्षण गर्ने जिम्मा पाएको अधिकारीले गरेको कामको विवरणहरु के कस्ता छन् ?

(४) आवश्यक देखिएका अन्य कुराहरु ।

८. **अनुगमनकर्ताले अनुगमन तथा निरीक्षण कार्य गर्दा ध्यान दिनुपर्ने कुरा र चरणहरु**:

(१) अनुगमन कार्यमा संलग्न हुने व्यक्तिले गर्नुपर्ने पूर्व तैयारी गर्नुपर्नेछ ।

(क) अनुगमन भ्रमणको टिपोट सम्बन्धि फाराम साथ लिई जानु पर्नेछ ।

(ख) अनुगमन भ्रमण सम्बन्धि सूची चेक लिष्ट साथ लिई जानु पर्नेछ ।

(ग) स्थानिय प्रशासन र प्रहरीलाई अनुगमन पूर्व वा अनुगमन पछि सूचना गर्न तयारी गर्नुपर्नेछ ।

(घ) अत्यावश्यक वस्तु तथा सेवा मध्ये कुन कुन विषयलाई पहिलो प्राथमिकतामा राख्ने भने किटान गरि बिषयसूची तयार गर्नुपर्नेछ ।

(ङ) वस्तु तथा सेवाको आपूर्ति, बिक्री वितरण, मूल्य, गुणस्तर आदिको बारेमा पर्याप्त सूचना र जानकारी हासिल गर्नुपर्नेछ ।

(च) अनुगमन वा निरीक्षण गर्न जानु अगावै तालिका बनाई आवश्यक पर्ने साधन, सहयोग आदिको पूर्व तैयारी गर्नुपर्नेछ ।

(छ) आकस्मिक/आवधिक अनुगमन गर्ने सम्बन्धमा निरीक्षण पूर्वको गोपनियता कायम गर्नुपर्नेछ ।

(ज) आवश्यक देखिएका अन्य कुराहरु ।

(२) अनुगमन/निरीक्षणका चरणहरुः

(क) उत्पादनको डिजाइन तथा उत्पादन विधि र प्रक्रिया

(ख) आयात, संचय, भण्डार, थोक बिक्रि, खुद्रा बिक्री

(ग) वस्तु तथा सेवाको प्रयोग-उपभोगको अवस्था

(घ) काम नलाग्ने वस्तुको पूर्ननिर्माण, पून प्रयोग र अन्तिम विषर्जन कार्य

(ङ) आवश्यक देखिएका अन्य कुराहरु ।

(३) अत्यावश्यक वस्तु र सेवाको अनुगमन गर्दा ध्यान दिनुपर्ने चरणहरुः

(क) जीउ, ज्यान, स्वास्थ्य र सम्पत्ति सुरक्षामा परिरहेको असर ।



(ख) उत्पादन, बिक्री वितरण गर्दा कानूनी प्रकृया पूरा भए/नभएको ।

(ग) नाप, तौल, गुणस्तर, मूल्य र उपभोक्तालाई दिनुपर्ने तत्सम्बन्धि सूचना जानकारी ।

(घ) उपभोग हुने स्थानको र बाहिरी वातावरणीय पक्षहरु

(ङ) प्रतिष्पर्धा र स्वच्छ बजार प्रवर्द्धन र ट्रेड मार्क लेवल र विज्ञापन प्रचार प्रसारको सत्यता

(च) खाद्य बस्तु लगायतमा पशुऔषधि, विषादि र रसायनको प्रयोग सम्बन्धमा ।

(छ) आवश्यक देखिएका अन्य कुराहरु ।

९. **अनुगमन प्रतिवेदन पेश गर्दा देहायका कुरा उल्लेख गर्नुपर्नेछ :**

(१) वस्तु वा सेवाहरुको आपूर्तिको श्रोत-पर्याप्तता, आपूर्ति सहज भए वा नभएको ।

(२) वस्तुको ढुवानी र सञ्चार, भण्डारण व्यवस्था पर्याप्त भए वा नभएको । जुनजुन क्षेत्रमा अभाव हुन्छ त्यहा तत्कालै पर्याप्त मात्रामा आपूर्ति हुन सक्ने अवस्था विद्यमान रहे वा नरहेको ।

(३) आपूर्ति गरिएको वस्तुमा जरुरत मन्द व्यक्तिका परिवारमा पुग्न सके वा नसकेको ।

(४) क्रय शक्तिको अभावमा भोकमरी वा अन्य संकट तथा समस्या आउने स्थिति विद्यमान रहे वा नरहेको ।

(५) आपूर्ति गरिएको खाद्य वस्तु वा अन्य वस्तुको गुणस्तर मानव उपभोग्य भए वा नभएको । उपभोक्ताले भुक्तान गरेको मूल्य अनुरुपको गुणस्तर भए वा नभएको ।

(६) मानव उपभोग्य भए नभएको परिक्षण गर्ने पद्दति वा प्रकृया पर्याप्त भए वा नभएको ।

(७) बजारमा अनुचित कारोबार गर्नेहरु फेला परे नपरेको र परेकोमा समुचित दण्ड सजाय सम्बन्धित निकायबाट तदरुकताका साथ भए नभएको ।

(८) अनुगमन गर्ने अधिकार प्राप्त व्यक्ति वा कार्यालयको योग्यता अनुभव, श्रोत साधन पर्याप्त भए वा नभएको ।

(९) बजारको अवस्था अनुरुपको नियमित अनुगमन भए वा नभएको ।

(१०) अनुगमन गरिएका इकाइहरुको वास्तविक अवस्था झल्किने गरी लिखत तैयार भए वा नभएको । सम्बन्धित निकायले यस्ता लिखतहरुको अभिलेख राखे वा नराखेको।

(११) एकपटक अनुगमन गरिएको उत्पादक, वितरक, सेवा प्रदायककोमा आवधिक रुपले या छड्के अनुगमन भए वा नभएको ।

(१२) उपभोक्ताबाट प्रत्यक्षरुपले संचारक्षेत्र र सरोकारवाला संस्थाहरुबाट आएका उजुरी, गुनासा, र सुझावहरुको सुनुवाई गर्ने प्रकृया पर्याप्त भए वा नभएको ।

(१३) उपभोक्ताले क्षतिपूर्तिको माग गरेको सन्दर्भमा गरिने छानविन र निर्णय स्पष्ट, पारदर्शि र सन्तोषजनक भए नभएको । तोकिए बमोजिमको क्षतिपूर्ति पीडितले पाए वा नपाएको ।

(१४) बजारको स्वच्छता, उपलब्धता, गुणस्तर, उत्पादन तथा वितरण हुने स्थानको वातावरण, उपभोग अवधि, संचय वा भण्डारणको अवस्था, आपूर्तिको श्रोतको स्पष्टता भएनभएको ।



(१५) वस्तुको नाप तौल, प्याकेजिङ, आवश्यक सूचना जानकारी दिने लेवल आदिको उपयुक्तता र कानूनी हैसियत वा प्रावधान पूरा गरे वा नगरेको ।

(१६) उत्पादक, वितरक तथा सेवा प्रदायकले गरेको विज्ञापन वा प्रचारले उपभोक्ता ठगिने सम्भावना रहे वा नरहेको र कवोल गरे बमोजिमको आश्वासन, उपहार, पुरस्कार आदि उपभोक्ताले प्राप्त गर्न सके वा नसकेको ।

(१७) बस्तुको उत्पत्ति, भण्डारण, लेबलिङ्ग, उत्पादन मिति, उपयोग्य समय आदि उल्लेख भए वा नभएको ।

(१८) अनुगमनकर्ताले देखेका अन्य कुराहरु ।

**१०. अनुगमनकर्ताले प्रदायकसँग गरिने व्यवहार सम्बन्धमा:**

बस्तु र सेवाको अनुगमन गर्दा निम्न विषयमा ध्यान दिनु पर्नेछ ।

१) अनुगमन कर्ता प्रदायक समक्ष प्रस्तुत हुँदा पर्याप्त जानकारी दिनुपर्नेछ ।

२) अनुगमन अवधिभर प्रदायक उपर सम्मानजनक व्यवहार गर्नुपर्नेछ ।

३) अनुगमन प्रतिवेदन लिपीबद्ध गर्दा प्रदायकलाई भन्ने मौका दिनुपर्नेछ ।

४) अनुगमन प्रतिवेदनमा हस्ताक्षर गर्न सूचना दिनुपर्नेछ ।

५) म्याद सकिएको वा नष्ट गर्नुपर्ने सामाग्री नष्ट गर्दा मुचुल्का तयार गर्नुपर्नेछ ।

६) अनुगमन पछि सम्बन्धित निकायमा हाजिर हुन जाने सूचना दिनुपर्नेछ ।

७) प्रदायकले अनुगमन सम्बन्धमा उजुरी गर्दा उजुरी लिनुपर्नेछ ।

८) आवश्यक देखिएका अन्य कुराहरु ।

११. **उजुरीको अनुगमन सम्बन्धमाः**

कानुन बमोजिम उजुरी सुन्ने निकाय वा अधिकारीको काम कार्वाहीमा अनुगमन गर्दा देहाय बमोजिमको विषयमा ध्यान दिनुपर्नेछ ।

१) बजार अनुगमन पश्चात देखिएका कसुरमा सम्बन्धित प्रदायक उपर कारवाही भए नभएको ।

२) उपभोक्ता र प्रदायकले दिएको उजुरीमा कारवाहि भए, नभएको ।

३) उजुरीकर्ताको अनुरोध अनुसार उजुरीको विवरण गोपनियता राखे, नराखेको ।

४) उजुरीहरु यथासमयमा कारवाहि गर्न तदारुकता देखाए वा नदेखाएको ।

५) अनुगमन कर्ता खटाउने निकायसँग आफ्ना गुनासा राख्ने पहुँच भए, नभएको ।

६) उजुरी कारवाहीको तथ्यांकहरु राखे, नराखेको ।

७) आवश्यक देखिएका अन्य कुराहरु ।

१२. **सहयोग गर्नुपर्नेः**

१) अनुगमन कर्ताले आवश्यक देखेमा अनुगमन अगावै वा अनुगमन पश्चात् स्थानिय प्रशासन र प्रहरीको सहयोग लिन सक्नेछ ।

२) यस निर्देशिका बमोजिम अनुगमनकर्ताले बस्तु वा सेवाको अनुगमन गर्दा स्थानिय प्रशासन र प्रहरीले सहयोग गर्नुपर्नेछ ।



१३. **प्रतिवेदन तयार गर्नेः**

१) यस निर्देशिका बमोजिम आयोगले खटाएको अनुगमनकर्ता वा प्रतिवेदन पेश गर्न तोकिएको निकाय र अधिकारीले यस निर्देशिका बमोजिमको अनुगमन प्रतिवेदन आयोग समक्ष पेश गर्नुपर्नेछ ।

२) अनुगमनकर्ताले आयोगले तोकेको समयभित्रै अनुगमन प्रतिवेदन, सो सँग सम्बन्धित कागजात र अनुसन्धान, परिक्षण र विश्लेषण प्रतिवेदनहरु समेत पेश गर्नुपर्नेछ ।

३) आयोगमा पेश भएको प्रतिवेदनमा आयोगले थप प्रष्टिकरण लिन सक्नेछ । यसरी माग गरेको प्रष्टिकरण समयमै पेश गर्नु सम्बन्धितको कर्तव्य हुनेछ ।

१४. **विविधः**

१) उपभोक्ता अधिकार र यस निर्देशिकामा उल्लेखित न्यूनतम मापदण्डहरु अबलम्बन नभएको बारेमा गुनासो भए सम्बन्धित व्यक्तिले अनुगमनकर्ताको कार्यालयमा उजुरी र गुनासो दर्ता गराउन सक्नेछ । सो उजुरीको छायाप्रति वा छुट्टै उजुरी आयोगमा दर्ता गराउन सक्नेछ ।

२) आयोगले उपभोक्ताको मानव अधिकारको नियमित अनुगमनको आधारमा आवश्यक सिफारिस तथा सुधारको लागि नेपाल सरकार निकायलाई आवश्यक सिफारिस गर्न सक्नेछ ।

***

## अनुसूचि-१

### उपभोक्ताका अधिकारहरु

१. **सुरक्षित हुन पाउने अधिकारः** उपभोक्ताको जीउ ज्यान, स्वास्थ्य तथा सम्पत्तिमा हानी पुऱ्याउने उपभोग्य बस्तु तथा सेवाको विक्री वितरणबाट सुरक्षित हुन पाउने अधिकार ।

२. **सूचित हुन पाउने अधिकारः** उपभोग्य बस्तु तथा सेवाको मूल्य, परिमाण, शुद्धता, गुणस्तर आदिको सूचना वा जानकारी पाउने अधिकार ।

३. **छनौट गर्न पाउने अधिकारः** प्रतिष्पर्धात्मक मूल्यमा उपभोग्यबस्तु तथा सेवाको छनौट गर्ने अवसर पाउने अधिकार ।

४. **सुनुवाईको अधिकारः** उपभोक्ताको हक-हित संरक्षणका सम्बन्धमा उपयुक्त निकायबाट सुनुवाई गर्न पाउने अधिकार ।

५. **क्षतिपूर्तिको अधिकारः** अनुचित व्यापारिक क्रियाकलापबाट उपभोक्ताहरुमा हुने शोषण तथा मर्काका विरुद्ध सुनुवाईपछि क्षतिपूर्ति पाउने अधिकार ।

६. **उपभोक्ता शिक्षाको अधिकारः** उपभोक्ता हक अधिकारका साथै उपभोग्य बस्तु वा सेवाबारे औपचारिक वा अनौपचारिक शिक्षा पाउने अधिकार ।

***



## अनुसूचि -२

### अत्यावश्यक बस्तु तथा सेवाहरुको सूची

**(क) अत्यावश्यक बस्तुहरु**

१. चामल :

(क) मसिनो (पोखरेली र मन्सुली समेत)

(ख) मोटा (मोटा तथा उसिना समेत)

२. मकै

३. चिउरा

४. गहुँ, मैदा र पिठो

५. दाल (क) रहर (ख) मास

६. नून

७. चिनी

८. चिया

९. खानेतेल (क) तोरीको तेल(ख) भटमासको तेल

१०. घ्यू (वनस्पति घ्यू समेत)

११. दुध (बेबिफुड तथा पाउडर दूध समेत)

१२. तरकारी (आलु, प्याज, गोलभेडा )

१३. मासु (सबै प्रकारको मासु तथा माछा)

१४. फलफूल (मौसम, केरा, स्याउ, सुन्तला)

१५. मसला (जिरा, मरिच, अदुवा, लसुन, धनिया र खुर्सानी) अन्य आवश्यकीय पदार्थ

१६. औषधि

१७. मोटा बानाको कपडा (४० काउण्ट सम्मको धोती साडी समेत)

१८. साबुन (क) लुगा धुने (ख) नुहाउने

१९. मट्टितेल, डिजेल, पेट्रोल र हवाई इन्धन समेत

२०. मल

२१. (क) दाउरा (ख) कोइला

**निर्माण सामग्री**

२२. सिमेन्ट

२३. फलामे छड

२४. कर्कटपाता

२५. जि.आइ.पाइप तथा पोलिथिन पाइप

२६. ईट

२७. काठ

**शैक्षिक सामग्री**

२८. लेख्ने र छाप्ने कागज, कापी, कलम, मसी, सिसाकलम

२९. न्यूज प्रिन्ट

**(ख) अत्यावश्यक सेवाहरु**

१. डाँक, तार वा टेलिफोन सेवा



२. जल, स्थल वा हवाईजहाजबाट यात्री वा मालसामान ओसारपसार गर्ने यातायात सेवा

३. हवाई अड्डा वा हवाईजहाजको देखभाल, त्यसको सञ्चालन वा मर्मतसँग सम्बन्धित सेवा

४. हवाई ग्राउन्ड, रेल्वे स्टेसन वा सरकारी गोदाममा मालसामान ओसारप्रसार गर्ने/झिक्ने वा थन्क्याउने कामसँग सम्बन्धित सेवा

५. प्रिन्ट वा सरकारी छापाखाना सम्बन्धित सेवा

६. हातहतियार खारखाना वा अरु कुनै सैनिक सरसामानको उत्पादन गर्ने, थन्क्याउने र वितरण गर्ने कामसँग सम्बन्धित नेपाल सरकार रक्षा व्यवस्थाको कुनै पनि सेवा

७. सञ्चार सेवा

८. आन्तरिक सुरक्षा कार्यसँग सम्बन्धित सेवा

९. खानेपानीको सञ्चालन तथा वितरण सेवा

१०. पर्यटन आवास, मोटेल होटल, रेस्टुराँ र रिजर्टसम्बन्धी सेवा

११. पेट्रोलियम पदार्थ (एलपी ग्याससमेत) को पैठारी, ढुवानी, भण्डारण तथा विक्री वितरणसम्बन्धि सेवा

१२. अस्पताल, स्वास्थ्य केन्द्र र औषधि निर्माण तथा विक्री वितरण सम्बन्धि सेवा

१३. फोहोरमैलाको संकलन, ढुवानी, प्रशोधन, विसर्जन, स्थल निर्माण, पूर्वाधार निर्माण संकलन स्थल एवं व्यवस्थापन क्षेत्रसँग सम्बन्धित सेवा

१४. बैंकिङ सेवा

१५. बिमा सेवा

१६. विद्युत सेवा

१७. शिक्षा सेवा

***



## अनुसूचि -३
## आयोगमा पेश गर्ने उजुरीको ढाँचा

राष्ट्रिय मानव अधिकार आयोगमा पेश गर्ने उजुरीको ढाँचा राष्ट्रिय मानव अधिकार आयोगको उजुरी, कारवाही तथा क्षतिपूर्ति निर्धारण नियमावली, २०५७ को अनुसूचि १ बमोजिमको ढाँचा अनुसार हुनेछ ।

***

# शवोत्खनन् मार्ग–निर्देशिका २०६९*

**प्रस्तावना**

मानव अधिकार सम्बन्धी विभिन्न दस्तावेजहरुले हरेक व्यक्तिको जीवन, स्वतन्त्रता तथा सुरक्षाको अधिकारको प्रत्याभूति गरेका छन् । विशेषतः मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८ को धारा ३ र नागरिक तथा राजनीतिक अधिकार विषयक महासन्धी, १९६६ को धरा ६ मा व्यक्तिको जीवनको अधिकारलाई अहरणीय अधिकारको रुपमा उल्लेख गरिएको छ । यसैगरी नेपालको संविधान र कानुनहरुले समेत जीवन तथा स्वतन्त्रताको अधिकारलाई मौलिक हकको रुपमा परिभाषित गरेका छन् । बलपूर्वक बेपत्ताबाट सबै व्यक्तिहरुको संरक्षण सम्बन्धी संयुक्त राष्ट्र संघिय घोषणापत्र, १९९२ तथा सो सम्बन्धी महासन्धी, २००६ मा समेत व्यक्तिलाई बलपूर्वक बेपत्ता पार्ने कार्यलाई अपराधको रुपमा परिभाषित गर्दै बलपूर्वक बेपत्ताबाट संरक्षित हुन पाउने तथा बलपूर्वक बेपत्ताका घटनाहरुमा सत्यतथ्य जान्न पाउने एवं न्याय पाउने पीडितहरुको मानव अधिकारको बारेमा विस्तृत रुपमा उल्लेख गरिएको छ ।

अतः व्यक्तिलाई बलपूर्वक वेपता पारी मारिएका वा गैरकानुनी रुपमा  वा कुनै पनि कारणले मारेर जमीनमुनी गाडिएका तर पहिचान हुन नसकेका वा यस्तै प्रकृतिका घटनाहरुको अनुसन्धान गर्नुपर्ने अवस्था आएमा अनुसन्धान गर्न कानुन बमोजिम अख्तियारी प्राप्त निकायद्वारा शवोत्खनन् गर्दा व्यक्तिको पहिचान गर्ने एवं घटनासँग सम्बन्धित प्रमाणहरुको संकलन र सुरक्षा गर्ने प्रकृयालाई प्रभावकारी एवं सुव्यवस्थित रुपमा सम्पन्न गरी पीडित तथा तिनका परिवार वा आफन्तजनको सत्यतथ्य जान्न पाउने तथा न्याय पाउने अधिकारको संरक्षणकोलागि राष्ट्रिय मानव अधिकार आयोग नेपालबाट यो मार्ग-निर्देशिका जारी गरिएको छ ।

---

* **यस मार्ग निर्देशिकाको अनुसूचिहरु यस प्रकाशनमा प्रकाशित गरिएको छैन । अनुसूचिहरु आवश्यक परेमा यस अघि प्रकाशित शवोत्खनन् मार्ग–निर्देशिका, २०६९ मा पाउन सक्नुहुनेछ ।**



## परिच्छेद – १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस मार्ग-निर्देशिकाको नाम “शवोत्खनन् मार्ग-निर्देशिका,२०६९” हुनेछ ।

(२) यो मार्ग-निर्देशिका२०६९ साल जेष्ठ १८ गतेदेखि लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मार्ग-निर्देशिकामा :

(क) “शवोत्खनन् ”भन्नाले बलपूर्वक वेपता पारी मारिएका वा गैरकानुनी रुपमा मारेर गाडिएका तर पहिचान हुन नसकेका एक वा एकभन्दा बढी व्यक्तिहरुको शव गाडिएको आशङ्का भएको स्थानमा उत्खनन् गरी मानव अवशेषहरु र सोसंग सम्बन्धित प्रमाणहरुको संकलन गर्ने तथा सोको परीक्षण गरी पीडितको पहिचान गर्ने, प्रमाणहरुको परीक्षण एवं मूल्याङ्कन गर्ने कार्य समेतलाई जनाउँदछ ।

(ख) “उत्खनन्” भन्नाले वेपत्ता व्यक्ति वा व्यक्तिहरुको शव गाडिएको आशङ्का गरिएको स्थानमा खनेर वा अन्य उपयुक्त विधिबाट मानव शव वा मानव अवशेष वा सम्बद्ध प्रमाणहरु निकालेर संकलन गर्ने कार्यलाई जनाउँदछ ।

(ग) “पीडित” भन्नाले आफ्नो स्वतन्त्रता र सुरक्षा गुमाउन बाध्यपारी बलपूर्वक वेपत्ता पारिएको वा गैरकानुनी रुपमा मारेर शव गाडिएको व्यक्तिलाई सम्झनु पर्दछ । सो शब्दले बेपत्ता पारिएका वा गैरकानुनी रुपमा मारेर शव गाडिएका व्यक्तिका परिवारका सदस्य एवं आफन्तहरुलाई समेत जनाउँदछ ।

(घ) "पीडित परिवार'' भन्नाले पीडितको पति, पत्नी, छोरा, छोरी, बाबु, आमा, सासु, ससुरा, बाजे, बज्यै, नाति, नातिनी, सगोलको दाजु, भाइ, दिदी वा बहिनी समेतलाई सम्झनु पर्दछ । सो शब्दले सौतेनी आमा, सौतेनी दाजुभाइ र सौतेनी दिदी बहिनीलाईसमेत सम्झनुपर्दछ ।

(ङ) "पीडक'' भन्नाले कुनै पनि व्यक्तिलाई कुनैपनि किसिमले बलपूर्वक वेपत्ता पार्ने वा मारेर गाड्ने कार्यमा संलग्न व्यक्ति वा समुहलाई सम्झनु पर्दछ । सो शब्दले व्यक्तिलाई बलपूर्वक बेपत्ता पार्न आदेश दिने वा त्यस किसिमको कार्य भइरहेको थाहा पाएर पनि रोक्न कोशिश नगर्ने अधिकारीलाई समेतलाई जनाउँदछ ।

(च) "बलपूर्वक वेपत्ता पार्ने कार्य'' भन्नाले राज्य वा राज्यको कुनै निकाय वा यसको सहयोग वा समर्थनमा काम गर्ने व्यक्तिवा व्यक्तिहरुको समूहले पक्राऊ, थुना, अपहरण वा कुनै किसिमबाट स्वतन्त्रताबाट वञ्चित गरी यस्तो तथ्यलाई अस्वीकार गर्नु वा यस्तो तथ्य वा बेपत्ता पारिएको व्यक्तिको अवस्थालाई लुकाई कानुनी संरक्षणबाट वञ्चित बनाउने कार्यलाई जनाउँदछ सो बाक्याँशले गैरराज्य पक्ष वा सशस्त्र विद्रोही समूहद्वारा गरिएको व्यक्तिहरुलाई कब्जामा लिई बेपत्ता पार्ने कार्यलाई समेत जनाउँदछ ।

(छ) "एण्टीमोर्टम फारम'' भन्नाले वलपूर्वक वेपत्ता पारी मारिएको वा हराइरहेको कुनै पनिव्यक्तिको सम्पूर्ण विवरण खुलेको शवोत्खनन् गर्नु पूर्व जानकारी लिई भरिने यस मार्ग-निर्देशिकाको अनुसूची - १ मा समावेश गरिएको फारमलाई सम्झनु पर्दछ ।

(ज) "शवोत्खनन् गर्ने निकाय'' भन्नाले कानुन बमोजिम शावोत्खनन् गर्न अधिकारप्राप्त निकायलाई सम्झनुपर्दछ ।



विद्यामान नेपाल कानुन बमोजिम नेपाल प्रहरी, राष्ट्रिय मानव अधिकार आयोग, र अदालतबाट शवोत्खनन् हुन सक्दछ । यस बाक्यांशले कानुन बमोजिम गठित वा नेपाल सरकारले शाबोत्खनन् गर्ने प्रयोजनको लागि वा वेपत्ता व्यक्तिको अवस्था पत्ता लगाउन गठन गरेका विशेष आयोग वा यस्तै निकायलाई समेत जनाउँदछ ।

(झ) "विशेषज्ञ'' भन्नाले शवोत्खनन् गर्ने निकायद्वारा गठन गरिएको शवोत्खनन्, वा सो क्रममा प्राप्त मानव अवशेष एवं प्रमाणहरुको परीक्षण वा सोको विश्लेषण सम्बन्धी कुनै दक्षता वा अनुभव भएका व्यक्तिलाई सम्झनु पर्दछ ।

(ञ) "तालिम प्राप्त व्यक्ति'' भन्नाले एण्टीमोर्टम फर्म भर्ने वा शवोत्खनन् सम्बन्धी कुनै पनि विषयमा तालिम लिएको दक्ष व्यक्तिलाई सम्झनु पर्दछ ।

(ट) "मनोसामाजिक विमर्श'' भन्नाले पीडित परिवारका सदस्य वा आफन्तहरु वा समूदाय वा समाजलाई घटनाबाट भएको पीडा कम गर्नको लागि उनीहरुको हितमा दिइने सामाजिक, संवेगात्मक, आध्यात्मिक वा धार्मिक विमर्शलाई जनाउँदछ ।

(ठ) "आशङ्कित स्थान''बेपत्ता पारिएको व्यक्तिको शव गाडिएको वा जलाइएको आशङ्का गरिएको स्थानलाई सम्झनु पर्दछ ।

(ड) "उत्खनन् टोली'' भन्नाले शवोत्खनन् गर्ने निकायद्वारा शवोत्खनन् टोली अन्तर्गत कुनै स्थानमा उत्खनन् गर्नको लागि खटाइएका व्यक्तिहरुको टोलीलाई सम्झनुपर्दछ ।

(ढ) "उत्खनन् सामग्री'' भन्नाले आशङ्कित स्थानमा शवोत्खनन्को लागि आवश्यक पर्ने अनुसूची - २ मा उल्लेख गरे बमोजिमका सामग्रीहरूलाई सम्झनु पर्दछ ।

(ण) "मानव अवशेष" भन्नाले उत्खननको क्रममा प्राप्त हुने मानवको पूर्ण शव वा मानव शरीरका कुनै पनि भौतिक अवशेषहरुलाई सम्झनु पर्दछ ।

(त) "अन्य भौतिक सबुत प्रमाण" भन्नाले शवोत्खननको क्रममा प्रमाणको रुपमा प्राप्त हुन आएका मानव अवशेष बाहेकका अन्य सबै वस्तुहरुलाई सम्झनु पर्दछ ।

## परिच्छेद २
## शवोत्खनन् सम्बन्धी व्यवस्था

३. **शवोत्खनन् गर्न सक्ने :**

कानुनद्वारा अधिकार प्राप्त निकायले एक वा एक भन्दा बढी व्यक्तिहरुको शव गाडिएको आशङ्का भएको स्थानमा शावोत्खनन् गर्न सक्नेछ ।

शवोत्खनन् गर्दा यो मार्ग निर्देशिकामा उल्लिखित कार्यविधिको अवलम्बन गर्नु पर्नेछ ।

४. **शवोत्खनन् विधिः** शवोत्खनन् गर्दा सामान्यतयाः निम्न विधिको अवलम्बन गर्नु पर्नेछ :

क) **उत्खनन् पूर्व :**

१. शवोत्खनन् गर्ने निकायले शवोत्खननको विस्तृत कार्ययोजना निर्माण गर्नुपर्दछ । यसक्रममा आवश्यकता अनुसार पीडित, घटना, आरोपित पीडक, शङ्कास्पद स्थान, सम्भावित शवको संख्या, शवोत्खननको लागि आवश्यक पर्ने जनशक्ति, अनुमानित खर्च, भौगोलिक अवस्था, अनुमानित समयावधि, मौसमको



अवस्था समेतको बारेमा तथ्य संकलन गरी विश्लेषण गर्नु पर्नेछ ।

२. शव गाडिएको आशङ्कित स्थानको बारेमा शवोत्खनन् गर्ने निकायमा कुनै सूचना प्राप्त हुन आएमा उक्त सूचनाको प्रमाणीकरण तथा आवश्यकता अनुसार थप सूचना लिनुपर्नेछ ।

३. **स्थलगत अवलोकन गर्ने :** शवोत्खनन् गर्ने निकायले सूचनाको संकलन एवं विश्लेषण कार्य गरेपछि शव गाडिएको आशङ्कित स्थलको अध्ययन गरी प्रतिवेदन पेश गर्न अधिकृत-स्तरीय टोली खटाई पठाउनु पर्नेछ । आवश्यक परेमा यस्तो टोलीमा सम्बन्धित विषयका विशेषज्ञलाई समेत सहभागी गराउन सकिनेछ । उक्त टोलीले स्थलगत अवलोकनको क्रममा देहायका विषयहरुमा ध्यान दिई घटना एवं घटनास्थलको बारेमा तथ्य संकलन गर्नेछ :

- शङ्कास्पद घटनास्थल तथा आसपासको क्षेत्रको भौगोलिक अवस्थिति, भूवनौट, प्राकृतिक अवस्था
- शङ्कास्पद घटनास्थलको सीमाङ्कन एवं नक्साङ्कन र तस्बिर
- शव गाडिएको सम्भावित स्थानको पहिचान र शवहरुको सम्भावित अवस्थिति
- शङ्कास्पद घटनास्थलका सङ्केतहरू (धसिएको, उठेको, वरिपरिका रुख विरुवा र शव गाडिएको स्थानको रुख विरुवामा फरक आदि)
- शङ्कास्पद घटनास्थल क्षेत्रसम्मको पहुँच, बसोवास, खानपिन, सञ्चार तथा यातायात जस्ता बन्दोबस्तीका पक्षहरूको बारेमा जानकारी
- सम्भावित जोखिमहरूको विश्लेषण

●अन्य आवश्यक कुराहरु

४. स्थलगत अवलोकनको लागि खटिएको टोलीको प्रतिवेदनको आधारमा शवोत्खनन् गर्ने निकायले शवोत्खनन् कार्य अगाडी बढाउने वा नबढाउने भन्ने निर्णय गर्नेछ ।

५. **बयान वा अन्तरवार्ता लिने** :शवोत्खनन् गर्ने निकायले तथ्य संकलन एवं अवलोकनको क्रममा वा छुट्टै टोली खटाइ घटनाको सम्बन्धमा प्रत्यक्षदर्शी, पीडितका आफन्तहरू, सुरक्षा निकाय, सम्बन्धित सरकारी वा अन्य सरोकारवाला व्यक्ति वा निकाय, स्थानीय जनप्रतिनिधि समेतसँग आवश्यकता अनुसार अन्तरवार्ता गर्ने वा बयान लिने वा सरजमिन गर्ने कार्य गर्नेछ । यस्तो बयान वा अन्तरवार्ता लिँदा गोपनीयता अपनाइ सूचनाहरूको संरक्षण गर्नु पर्नेछ ।

६. उपदफा (१) देखि (५) सम्मको कार्य गर्दा शव गाडिएको स्थानको पूरा ठेगाना, घटनास्थालको पहिचान सम्बन्धी विवरण, मृतक वा मृतकहरूको विस्तृत विवरण, एकै स्थानमा एकभन्दा बढी शव गाडिएको आशङ्का भए सोको विवरण र घटनाको पूर्ण विवरण (घटना कसबाट, कहिले र कसरी भएको हो ?) समेतको बारेमा सूचनाहरु संकलन गरी प्रतिवेदन तयार गर्नुपर्नेछ ।

७. **एण्टीमोर्टम फारम भर्नुपर्ने** : शवोत्खनन् गर्नुपूर्व बलपूर्वक वेपत्ता पारिएको व्यक्तिको सम्बन्धमा सबैभन्दा नजिकबाट जानकारी राख्ने आफन्त वा अन्तिम पटक देख्ने व्यक्ति वा प्रत्यक्षदर्शी वा अन्य जानकार व्यक्तिबाट अनुसूची-१ मा उल्लेख भए बमोजिमको एण्टीमोर्टम फारम उक्त फारम भर्ने तालिम प्राप्त व्यक्ति वा पर्याप्त ज्ञान भएको व्यक्तिबाट भराउनु पर्नेछ । एण्टीमोर्टम फारम भर्दा वेपत्ता व्यक्तिको बारेमा जानकारी राख्ने



सम्भव भएसम्म एकभन्दा बढी व्यक्तिहरुबाट सूचनाको संकलन गर्नु पर्दछ ।

८. शवोत्खनन् गर्ने निकायले शवोत्खननको लागि आवश्यक पर्ने प्राविधिक विशेषज्ञहरुको सूची तयार गरी राख्नुपर्नेछ । शवोत्खननको क्रममा उक्त सूचीबाट आवश्यकता र उपलब्धता अनुसार विशेषज्ञहरु छनौट गरी शवोत्खनन् कार्य गर्नु गराउनु पर्नेछ । तर शवोत्खनन् गर्ने निकायले सूचीमा समावेश नभएका व्यक्तिलाई शवोत्खनन् कार्यमा समावेश गर्न आवश्यक देखेमा त्यस्ता व्यक्तिलाई समावेश गर्न सक्नेछ ।

९. शवोत्खनन् गर्ने निकायले शवोत्खनन् टोली गठन गर्नेछ । उक्त टोलीमा शवोत्खनन् गर्ने निकायको अतिरिक्त निम्न क्षेत्रबाट आवश्यकता अनुसार प्रतिनिधित्व गराइने छ :

- शवोत्खनन् गर्ने निकायले तोकेको एक जना संयोजक
- फरेन्सिक प्याथोलोजिष्ट
- फरेन्सिक एनथ्रोपोलोजिष्ट वा फरेन्सिक एनथ्रोपोलोजी
- सम्बन्धी तालिम लिएको व्यक्ति
- फरेन्सिक ओडोण्टोलोजिष्ट
- राष्ट्रिय विधिविज्ञान प्रयोगशालाका वैज्ञानिक
- पूरातत्वविद
- घटनास्थल विशेषज्ञ (क्राईमसिन विशेषज्ञ)
- फरेन्सिक फोटोग्राफर
- मनोविमर्शकर्ता वा मनोसामाजिक विमर्शकर्ता
- शवोत्खनन् सम्बन्धी तालिम प्राप्त अन्य व्यक्तिहरु

- शवोत्खनन् गर्ने निकायको कम्तिमा अधिकृत स्तरका कर्मचारी
- उत्खनन् गर्ने जिल्लाका जिल्ला सरकारी वकील वा महान्यायाधिक्ताको कार्यालयले तोकिदिएको सरकारी वकील
- शवोत्खनन् गर्ने जिल्लाको प्रहरी प्रमुख वा निजले तोकिदिएको कम्तिमा प्रहरी निरीक्षक दर्जाको अधिकारी
- स्थानीय निकायका प्रतिनीधि (गाविस वा नगरपालिका वा जिविस)
- शवोत्खनन् तथा मानव अधिकार सम्बन्धि विषयमा ज्ञान भएको नागरिक समाजको प्रतिनिधि

१०. शवोत्खनन् गर्ने निकायले शवोत्खनन् टोलीमा माथि उल्लिखित क्षेत्र बाहेका अन्य क्षेत्रबाट पनि सहभागी गराउन आवश्यक ठानेमा त्यस्तो क्षेत्रबाट सहभागी गराउन सक्नेछ। दफा ९ मा उल्लिखित विशेषज्ञहरू मध्ये कोही टोलीमा नरहेको वा उपलब्ध हुन नसकेको कारणबाट मात्र शवोत्खनन कार्य रोकिने छैन । तर शवोत्खनन् टोलीमा निम्न बमोजिमका विशेषज्ञहरु न्यूनतम् रुपमा सहभागी गराउनु पर्नेछ :

- फरेन्सिक प्याथोलोजिष्ट वा एन्थ्रोपोलोजिष्ट मध्ये एक
- घटनास्थल विशेषज्ञ
- पूरातत्वविद

११. शवोत्खनन् गर्ने निकायले शवोत्खनन् टोलीको नेतृत्व कसले गर्ने र टोलीका सदस्यहरुको जिम्मेवारी के के हुने भन्ने कुरा स्पष्ट रुपमा उल्लेख गरी शवोत्खनन् टोलीका सदस्यहरुलाई उपलब्ध गराउनु पर्नेछ ।



१२. उपदफा ९ मा उल्लिखित शवोत्खनन् टोलीमध्येबाट उत्खनन् कार्यमा सहभागी हुने व्यक्तिहरु मात्र समावेश भएको उत्खनन् टोली गठन गरिनेछ । उत्खनन् टोलीले शवोत्खनन् टोलीको निर्देशनमा रही कार्य गर्नेछ ।

१३. शवोत्खनन् टोलीले उपदफा ९ मा उल्लिखित क्षेत्रबाट बाहेक स्थानीय तहबाट आवश्यक संख्यामा सहयोगी वा कामदारहरु लिई उत्खनन् कार्यमा लगाउन सक्नेछ । यस्ता व्यक्तिहरुले उत्खनन् टोलीको निर्देशन बमोजिम काम गर्नेछन् । कामदार वा सहयोगीहरुको पारिश्रमिक कानुन बमोजिम निर्धारित न्यूनतम् पारिश्रमिक भन्दा कम नहुने गरी शवोत्खनन् टोलीले निर्धारण गर्नेछ ।

१४. उत्खनन् गर्न लागिएको शव कुनै व्यक्तिको हो भनी पहिचान स्पष्ट भएको वा आशङ्का भएको अवस्थामा शवोत्खनन् गर्न लागिएको कुराको जानकारी पीडितका नजिकका नातेदारलाई गराउनु पर्दछ र उनीहरु मध्येबाट शवोत्खनन् गर्ने सहमति लिनुपर्दछ । तर पीडितको मानव अधिकार संरक्षणको लागि पीडितका नातेदारहरुसँग सम्पर्क हुन नसकेको वा सहमति नलिएको कारणले मात्र शवोत्खनन् कार्य रोकिने छैन ।

१५. शवोत्खनन् गर्नु भन्दा पहिला शवोत्खनन् गर्ने निकायले शवोत्खनन्मा आवश्यक पर्ने सामाग्रीहरुको व्यवस्थापन गर्नु पर्नेछ । शवोत्खनन्को लागि चाहिने आधारभूत सामग्रीहरुको विवरण अनुसूची २ मा समावेश गरिएको छ । घटनास्थलको प्रकृति एवं आशङ्कित शवहरुको अवस्थाको आधारमा उक्त सामग्रीहरुमा थपघट हुन सक्नेछ ।

१६. शवोत्खनन् गर्ने स्थान कुनै व्यक्तिको स्वामित्वमा रहेको जमिन वा घर भएमा सोको धनीलाई जानकारी गराउनुपर्दछ ।

शवोत्खनन्को क्रममा जग्गाधनीको कुनै नोक्सानी हुने भएमा शवोत्खनन् गर्ने निकायले प्रचलित कानुन बमोजिम सोको उचित क्षतिपूर्ति उपलब्ध गराउनु पर्नेछ ।

१७. शवोत्खनन् टोलीले शवोत्खनन् कार्य शुरु गर्नु पहिले शवोत्खनन् गर्ने इलाकाका स्थानीय प्रहरी, प्रशासन, सरकारी वकील लगायतका सरोकारवालाहरुसँग आवश्यक समन्वय गर्नु पर्नेछ ।

१८. उत्खनन् र शव पहिचान सम्बन्धी कार्यविधि शवोत्खनन् टोलीसँगको परामर्शमा उत्खनन् टोलीले निर्धारण गरे बमोजिम हुनेगरी तय गर्नु पर्नेछ ।

**ख) उत्खननको क्रममा**

शवोत्खनन्को क्रममा शवका अवशेषहरु तथा सम्बद्ध अन्य भौतिक सबुत प्रमाणहरुको उत्खनन् एवं पूर्णरुपमा प्राप्तिको तल उल्लिखित कार्यहरु गर्नुपर्दछ :

१. उत्खनन् कार्य शुरु गर्नुभन्दा पहिला उत्खनन् गर्न खोजिएको स्थलको तस्बिर तथा भिडियो चारै दिशाका सकेसम्म अग्ला स्थानहरुबाट खिच्नु पर्दछ ।

२. आशङ्कित स्थान र सोको वरिपरिको क्षेत्रलाई आवश्यकता अनुसार टेप वा डोरीले कम्तिमा दुई वटा घेरा हुने गरी कर्डन गर्नुपर्छ । यस्तो घेरा नेपाल प्रहरी भएसम्म नेपाल प्रहरी र नभएमा शवोत्खनन् गर्ने निकायले गर्न सक्नेछ ।

३. उत्खनन् स्थलको स्थायी प्रकृतिको स्थानमा आधार विन्दु (reference point) निर्धारण गर्नु पर्दछ । उपलब्ध भएसम्म Global Posotioning System (GPS) प्रविधिको प्रयोग गरी आधारविन्दु लिनु पर्नेछ ।



४. घेरा लगाएपछि उत्खनन् कार्यको शुरूवात गर्नुपूर्व घेरा गरिएको क्षेत्रभित्र रहेको जमिनको भागलाई सावधानीपूर्वक सफा गर्नु पर्दछ । जमिन सफा गर्ने क्रममा तथा ट्रेन्च वा ब्लक वा खाडल खन्ने क्रममा मेटल डिटेक्टरको प्रयोग गरी कुनै धातु भए नभएको स्पष्ट गर्नु पर्दछ । ट्रेन्च वा ब्लक वा खाडल खन्ने क्रममा हरेक २ ईन्च खनेपछि मेटल डिटेक्टर प्रयोग गरी कुनै धातु भए नभएको जाँच गर्नु पर्दछ ।

५. उत्खनन् गरिने स्थलको जमिनको भाग सफा गरिसकेपछि वैज्ञानिक पद्धतिबाट आवश्यकता अनुसार ट्रेन्च वा ब्लक वा शवोत्खनन् टोलीले निर्धारण गरेको तरिका अवलम्बन गरी उत्खनन् कार्य गरी शवोत्खनन् गर्नु पर्दछ । उत्खनन् गर्दा अपनाइने केही महत्वपूर्ण विधिहरुको चित्र (Figures) अनुसूचि १ मा समावेश गरीएको छ ।

६. शवोत्खनन् कार्य शुरु भई शव वा कुनै प्रमाणहरु प्राप्त हुन थालेपछि प्रमाण संरक्षणको लागि होसियारीपूर्वक उत्खनन् कार्यमा आवश्यकत्ता अनुसारका औजारहरुको प्रयोग गर्नुपर्दछ । प्रमाणमा असर पर्ने वा नष्ट हुने वा किसिमका उपकरणहरूका प्रयोग गर्नु हुँदैन । सकभर खन्ने ठूला औजारहरुको प्रयोग गर्नु हुँदैन ।

७. उत्खनन् गर्दा शव पत्ता लागेपछि खाडललाई शवको चारैतिर कम्तीमा ३० सेमी खुला पार्ने र शवको सबैभन्दा तल्लो तहसम्म (करिब ३० सेमी) खनेर गाडेको ठाउँको जग बलियो राखी उत्खनन् गर्नु पर्दछ ।

८. शव गाडिएको ठाउँबाट निकालिएको माटोको प्रत्येक पत्रमा मानव अवशेष वा अन्य प्रमाणहरु हुनसक्ने हुँदा त्यस्तो माटोलाई आवश्यकत्ता अनुसार चाल्ने र छान्ने गर्नुपर्दछ । यस्तो माटोमा आवश्कत्ता अनुसार मेटल डिटेक्टरले जाँच गर्नु पर्दछ ।

९. उत्खनन्को क्रममा प्राप्त मानव अवशेषका प्रत्येक भागलाई वाष्पीकरण नहुने (पसीना नआउने) कागजको प्याकेटमा राखी सिलबन्दी गर्नु पर्दछ। त्यस्तो प्याकेटमा नमेटिने मसी प्रयोग गरी उत्खनन् गरिएको मिति, घटनास्थलको सङ्केत, हरेकको नमुनाको नम्बर, नमुनाको प्रकार समेत उल्लेख गरी नमुना राखिएका प्याकेटहरूलाई स्पष्टसँग नामाङ्कन गर्नु पर्छ ।

१०. मानव अवशेषहरु राखिएका प्याकेटहरुलाई सफा र कडा कागजका वाकस (कार्टुन) वा शव राख्ने वाकसमा राखी सिलबन्दी गर्नु पर्छ । मानव अवशेषहरु भाँच्चिन नदिन प्याकेटहरुको बीचमा आवश्यकत्ता अनुसार नरम वस्तुको प्रयोग गर्न सकिन्छ।

११. मानव अवशेषको मुखको भित्री भाग र दाँतलाई क्षति हुन नदिन तथा मुखभित्रको भागमा पाइएको माटो वा अन्य वस्तुलाई छुट्टाछुट्टै थैलामा राखिनुपर्छ। यसले दाँत हराउनबाट पनि रोक्छ।

१२. मानव अवशेषहरुलाई निकाल्दा एक एकवटा गरी निकालेर अभिलेखीकरण गर्दै प्याक गर्नु पर्दछ। मानव अवशेषलाई नरम बुरुस वा कुची प्रयोग गरेर प्रमाण नष्ट नहुने गरी सफा गर्नु पर्दछ । प्राप्त मानव अवशेषहरुलाई नष्ट नहुने एवं हानी नोक्सानी नहुने गरी कागजको खाम वा अन्य त्यस्तै प्रकारको झोलामा छुट्टाछुट्टै राखी सङ्कलन पर्दछ। मानव अवशेषहरुलााई निम्न बमोजिम प्याकिङ्ग गर्नु पर्छ :

- घाँटीको हाड, छातीको हाड र कम्मरको हाडलाई छुट्टाछुट्टै प्याकिङ्गगर्ने ।
- दायाँ र बायाँ करङको हाड सँगै प्याकिङ्ग गर्ने
- पेल्भिस र ढाडको तल्लो हाडलाई सँगै प्याकिङ्ग गर्ने
- माथिल्लो भागलाई दायाँ र बायाँ छुट्याएर प्याकिङ्ग गर्ने
- तल्लो भागलाई दायाँ र बायाँ छुट्याएर प्याकिङ्ग गर्ने



- एकजना व्यक्तिको मानव अवशेषलाई एउटा बाकसमा राख्नुपर्छ र त्यसो गर्दा बढी खँदिलो र गह्रौं भागलाई सबैभन्दा पींधमा राख्नु पर्छ। प्याक गरिसकेपछि बाकसलाई सिलबन्दी गरी त्यसभित्र राखिएका कुराहरूलाई चेन अफ कस्टडी फारममा उल्लेख गर्नु पर्छ।
- नरम तन्तुहरू भएका तथा सड्ने चरणमा पुगेका अवशेषहरुलाई पारवहनका क्रममा तरल पदार्थ नचुहिने गरी प्याक गर्नु पर्छ।

१३. बन्दुकको गोली, पैसा (कागजको र सिक्का), घडी, गरगहना, साँचो, चस्मा, कागज, पर्स जस्ता वस्तुहरु प्लाष्टिकको जिपलक वा झोलामा प्याक गर्नु पर्छ। हतियार, चक्कुजस्ता धारिला सरसामान, बिरुवा र पातका नमुना, जन्मकुण्डली जस्ता वस्तुहरु कडा बस्तुबाट बनेको बाकसमा प्याक गर्नुपर्छ।

१४. शवोत्खनन्को क्रममा प्राप्त दशी प्रमाणहरुलाई प्रयोगशालामा पठाउनु पर्ने र प्रयोगशालामा पठाउनु नपर्ने गरी विभाजन गरी सोही बमोजिम प्याक गर्नु पर्दछ।

१५. शवोत्खनन् गर्ने क्रममा शवका अवशेष वा अन्य कुनै आधार प्रमाणहरु प्राप्त हुन आएमा विशेष परिस्थितिमा बाहेक पूर्ण रुपमा शवोत्खनन् गरी सकेपछि मात्र उठाउनु पर्दछ।

१६. उत्खनन् कार्य सम्पन्न भई मानव अवशेषलाई प्याक गर्नु अघि परिवारका सदस्यले मानव अवशेष हेर्न चाहेमा हेर्न अनुमति दिनु पर्नेछ। यसक्रममा उक्त शवको पहिचान गर्ने प्रयास गर्नु पर्नेछ।

१७. उत्खनन् कार्य सम्पन्न भएपछि शवोत्खनन् गर्दा बनाइएको ट्रेन्च वा ब्लक वा खाडलको कम्तिमा १५ सेमी तलसम्म खनेर कुनै कुरा बाँकी नभएको निश्चत गरेर मात्र पुर्नु पर्दछ। यसरी

ट्रेन्च वा ब्लक वा खाडल पुरिसकेपछि चारै दिशाबाट उत्खनन् गरिएको स्थलको तस्बिर खिच्नु पर्दछ ।

१८. शवोत्खनन् कार्य गर्दा एकै दिनमा पूरा नभएमा अर्को दिनको लागि शवोत्खनन् कार्य स्थगन गर्दा उत्खनन् गरिएको स्थललाई सुरक्षित राख्न आवश्यकता अनुसार ढक्कन, त्रिपाल, पाल वा अन्य आवश्यक सामाग्रीहरुको प्रयोग गरी छोपेर राख्नु पर्दछ । यसरी छोपेपछि देखिनेगरी सोको तस्बिर खिच्नु पर्दछ । अर्कोदिन काम शुरु गर्नु भन्दा पहिला अघिल्लो दिन छोपे बमोजिमको अवस्था छ छैन भनी जाँच गरेर तस्बिर खिचेर मात्र छोप्न प्रयोग गरिएका बस्तुहरु हटाई उत्खनन् कार्य शुरु गर्नु पर्दछ ।

१९. उत्खनन् कार्य पूरा भएपछि उत्खननको क्रममा निकालिएको माटोलाई वरिपरिको सतह अनुरूप हुनेगरी पुरेर घटनास्थललाई सकेसम्म पहिलेकै अवस्थामा फर्काउनु पर्नेछ र त्यसको अन्तिम तस्बिर लिनु पर्नेछ ।

२०. शवोत्खननबाट प्राप्त मानव अवशेष एवं प्रमाणहरुलाई नेपाल प्रहरी वा उत्खनन् गर्ने निकायद्वारा चेन अफ कस्टडीको नियम बमोजिम सम्बन्धित प्रयोगशालामा परीक्षणको लागियथासक्य छिटो पठाउनु पर्दछ ।

ग) **उत्खननपश्चात**

१. शवोत्खनन् टोलीले उत्खनन् कार्य सकिएको एक महिनाभित्र शवोत्खनन् गर्ने निकायलाई प्रतिवेदन उपलब्ध गराउनु पर्दछ । उक्त प्रतिवेदनमा कम्तिमा निम्न कुराहरु उल्लेख हुनु पर्दछ :

- उत्खननको अवधि
- उत्खननको क्रममा अपनाइएको विधि
- उत्खननबाट प्राप्त मानव अवशेषहरुको विवरण
- उत्खननको क्रममा प्राप्त प्रमाणहरुको विवरण



- प्राप्त मानव अवशेष एवं प्रमाणहरुको के कस्तो परीक्षण गर्नु आवश्यक छ भन्ने कुराको विवरण
- उत्खननको क्रममा भौगोलिक अवस्था, मौसम, समयसीमा, जनशक्ति तथा उपलब्ध उपकरणहरुको कारणले कुनै मानव अवशेष वा अन्य प्रमाण प्राप्त गर्न नसकेको वा कुनै कार्य गर्न नसकेको भए सो विवरण ।
- विश्लेषण, निश्कर्ष र सुझावहरु

२. उत्खनन् पछि पठाइएका मानव अवशेष एवं प्रमाणहरुको सम्बन्धित प्रयोगशालाले पोष्टमोर्टम लगायत आवश्यक परीक्षण गर्नु पर्दछ ।यस क्रममा विशेषज्ञले एण्टीमोर्टम डाटा र पोष्टमोर्टम डाटाको तुलना गरी मृतक व्यक्तिको पहिचान गर्ने प्रयास गर्नु पर्दछ ।एण्टीमोर्टम डाटा र पोष्टमोर्टम डाटाको तुलना सम्भव भएसम्म सो सम्बन्धी सफ्टवेयरको माध्यमबाट गर्नु पर्नेछ । यसरी परीक्षण गरिसकेपछि प्रयोगशालाले परीक्षण गर्न पठाउने निकायलाई प्रतिवेदन उपलब्ध गराउनु पर्दछ । विशेषज्ञको प्रतिवेदनमा कम्तिमा निम्न कुराहरु उल्लेख हुनु पर्दछ :

- प्राप्त मानव अवशेष वा प्रमाणहरुको विवरण र अवस्था
- पीडितको पहिचान सम्बन्धि परीक्षणको आधार सहितको विवरण र निश्कर्ष
- मृत्युको सम्भावित कारणर समयसम्बन्धी परीक्षण र निश्कर्ष
- प्राप्त प्रमाणहरुको परीक्षणको पूरा विवरण
- डीएनए वा व्यालेष्टिक वा अन्य कुनै परीक्षण गर्नु पर्ने भएमा सो को विवरण
- निश्कर्ष एवं सुझावहरु

३. प्रयोगशालामा मानव अवशेष वा प्रमाणहरुको परीक्षण कार्य सकिएपछि प्रयोगशालाले प्राप्त भएका मानव अवशेष वा प्रमाणहरु शवोत्खनन् गर्ने निकायमा फिर्ता गर्नु पर्नेछ ।

४. प्रयोगशालाबाट डीएनए वा ब्यालेष्टिक वा अन्य कुनै परीक्षण गर्न सिफारिस भई आएमा शवोत्खनन् गर्ने निकायले सम्बन्धित प्रयोगशालामा पठाई आवश्यक परीक्षण गराउनु पर्दछ । यस क्रममा गरिएको डीएनए परीक्षण प्रोफाइलिङ्को गोपनीयता कायम राखी सुरक्षित राख्नु पर्दछ ।

५. मानव अवशेषहरु एवं प्रमाणहरुको परीक्षण भईसकेपछि शवोत्खनन् गर्ने निकायले पीडित व्यक्तिको पहिचानको लागि गरिएका प्रयासहरु एवं सोको आधारहरु एवं मृत्युको सम्भावित कारण र समय सहित उल्लेख भएको प्रतिवेदन तयार गर्नु पर्दछ ।

६. शवोत्खनन् सम्बन्धी सम्पूर्ण प्रतिवेदनहरु प्राप्त भएपछि शवोत्खनन् गर्ने निकायले विशेषज्ञ टोलीको प्रतिवेदन समेतको आधारमा शवको पहिचान सम्बन्धी निर्णय गर्नेछ ।

७. परीक्षणबाट शवको पहिचान भएमा सम्बन्धित मानव अवशेषहरुको परीक्षण पूरा भएको निश्चित गरेर मृतकका कानुन बमोजिमका नजिकका हकवालालाई प्राप्त अवशेषहरु अन्तिम संस्कारको लागि यथासक्य छिटो हस्तान्तरण गर्नुपर्दछ । यसरी हस्तान्तरण गर्दा कानुन बमोजिम सद्गत कागज उपलब्ध गराउनु पर्दछ ।

८. शवोत्खनन् गर्ने निकायले उपदफा ७ बमोजिम शव हस्तानान्तरण गर्दा पीडितका परिवारलाई अन्तिम संस्कार गर्नको लागि आवश्यक खर्च उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्न सक्नेछ ।

९. शवोत्खनन् गर्ने निकायले उपदफा ७ बमोजिम मृतकका नजिकका हकवालालाई शव हस्तान्तरण गर्दा मृतकका नजिकका हकवालाले शव बुझि नलिएमा शवोत्खनन् गर्ने निकायले एक महिनाभित्र शव बुझिलिन मृतकका नजिकका हकवालालाई लिखित जानकारी उपलब्ध गराउनेछ । तोकिएको एक महिनाभित्र मनासिव कारणबिना मृतकका नजिकका हकवालाले शब बुझिन लिएमा शवोत्खनन् गर्ने निकायले कानुन बमोजिम शवको अन्त्येष्टी गर्न गराउन सक्नेछ ।



१०. कुनै व्यक्तिको भनी आशङ्का नभएको शव उत्खनन् गर्दा वा शङ्का गरिएको व्यक्तिको शव भनी उत्खनन् गर्दा फरक पर्न गएमा वा आशङ्का गरिएको संख्या भन्दा बढी संख्यामा मानव अवशेषहरु फेला परेमा प्राप्त सबै मानव अवशेषहरुको परीक्षण गरी पहिचानको लागि प्रयास गर्नु पर्नेछ । शवोत्खनन् प्रकृयाबाट मानव अवशेषको पहिचान नभएमा बाह्र बर्षसम्म निश्चित स्थानमा भण्डारण गरी मानव अवशेषलाई सुरक्षित राखी पहिचान गर्ने प्रयास गर्नु पर्दछ । उल्लिखित अवधिभित्र पनि शवको पहिचान नभएमा प्रचलित कानुन बमोजिम वेवारिसे शव सरह अन्त्येष्टी गराउनु पर्नेछ ।

११. शङ्कास्पद स्थानमा शवोत्खनन् गर्दा कुनै पनि मानव अवशेष फेला पर्न नसकेमा वा आशङ्का गरिएको भन्दा कम संख्यामा मानव अवशेषहरु फेला परेमा शवोत्खनन् टोलीले उत्खनन्को क्रममा अपनाइएको प्रकृया र भएका कामहरु समेत उल्लेख गरी शवोत्खनन् गर्ने निकायमा प्रतिवेदन बुझाउनु पर्नेछ । यस सम्बन्धमा शवोत्खनन् गर्ने निकायले थप अनुसन्धान गरी सत्यतथ्य पत्ता लगाउने प्रयास गर्नु पर्नेछ ।

**५. अभिलेख राख्नुपर्ने :**

१. शवोत्खनन् कार्य शुरू भएदेखि नसकिँदा सम्मका सम्पूर्ण प्रमाणको अभिलेखिकरण गर्नुपर्नेछ ।

२. शवोत्खनन्को क्रममा हरेक दिन शवोत्खनन् शुरू गरेको र अन्त्य गरेको मिति र समय समेतको अभिलेखिकरण गर्नुपर्दछ ।

३. उत्खनन्को क्रममा खनिएका ट्रेन्च, ब्लक वा खाडलहरु हरेकको छुट्टाछुट्टै नम्बर दिई लम्बाइ, चौडाइ र गहिराइको विवरण दुरुस्त हुनेगरी अभिलेख राख्नु पर्दछ ।

४. उत्खनन्को विभिन्न चरणमा नम्बर ट्याग लगाई उत्खनन्को अवस्था एवं प्राप्त प्रमाणहरुको अभिलेख राख्नु पर्दछ । हरेक प्रमाण एवं अभिलेखको तस्बिर खिच्नु पर्दछ ।

५. शवोत्खनन् गरिएको खाल्डो, खाल्डोमा भेटिएका अवशेष र अन्यसबुत प्रमाणहरु कति लम्बाई, चौडाई र गहिराईमा भेटिएका हुन् ती सबैको नापको अभिलेखिकरण गर्नु पर्दछ ।

६. कुनै प्रमाण वा अवशेषहरु उठाउनु पूर्व आधार विन्दुबाट त्यस्ता प्रमाण वा अवशेषको दूरी मापन गरी अभिलेखिकरण गर्नुपर्दछ ।

७. अवशेषहरुको संख्या, प्रमाणहरुको संख्या, प्याक गरिएको झोलाभित्र भएको अवशेष/प्रमाणको नाम समेत प्रष्ट रुपमा उल्लेख गरी त्यस्ता झोलाहरुमा सिलबन्दी गरी अभिलेख राख्नु पर्दछ ।

८. शवोत्खनन्को क्रममा खिचिएका तस्बिर एवं भिडियोको संरक्षण गरी सुरक्षित भण्डारण गर्नुपर्दछ ।

९. शवोत्खनन्को क्रममा कुनै प्रमाण वा आशङ्कित कुनै कुरा प्राप्त हुन आएमा त्यसलाई सिलबन्दी गरी चेन अफ कस्टडीको नियम बमोजिम सुरक्षित राख्नुपर्छ ।सम्पूर्ण दशी प्रमाणहरुको सावधानीपूर्वक संकलन र अभिलेखिकरण गर्नु पर्दछ । प्राप्त प्रमाणहरुलाई निम्न बमोजिम गरी राख्नु पर्दछ :

- नमुनाहरूलाई प्रमाण नम्बर दिने



- लिइएको कुनै पनि नमुनालाई जस्ताको तस्तै अभिलेखन गर्ने र तस्बिर लिने
- नमुनाहरूलाई प्याक गरी उपयुक्त ढंगले नामाङ्कन गर्ने
- नमुनाको सङ्कलन र प्याक गर्ने कार्यमा तिनको संरक्षण र पूर्णता कायम गर्न ध्यान दिने
- नमुनालाई सुरक्षित भण्डारण गर्ने र तिनलाई तोकिएको प्रयोगशालामा सकेसम्म छिटो पठाउने

१०. शवोत्खनन्को क्रममा प्राप्त भएका वैज्ञानिक परीक्षण सम्बन्धी र अन्य प्रतिवेदनहरुलाई शवोत्खनन् गर्ने निकायले सुरक्षित राख्नु पर्दछ । उक्त प्रतिवेदनहरु आवश्यकता अनुसार गोप्य राख्नु पर्दछ ।

११. नेपालको प्रचलित फौजदारी कार्यविधि कानुन बमोजिम घेरा गरिएको क्षेत्रको मुचुल्का, घटनास्थल प्रकृति मुचुल्का तथा लाशजाँच मुचुल्का लगायतका आवश्यक कागजातहरु तयार गर्नु गराउनु पर्दछ ।

१२. शवोत्खनन्को क्रममा अनुसूचि ४ मा उल्लेख भए बमोजिमको फिल्ड इन्सपेक्सन फारम (Field Inspection Form)अनुसूचि ५ मा उल्लेख भए बमोजिमो फिल्ड इन्भेटरी फारम (Field Inventory Form)र अनुसूचि ६ मा भए बमोजिमको चेन अफ कस्टडी(Chain of Custody Form) फारम भरेर अभिलेख राख्न पर्नेछ ।

६. **शवोत्खनन् गर्दा ध्यान दिनु पर्ने अन्य कुराहरु** : शवोत्खनन् गर्ने निकायले शवोत्खनन् गर्नु पहिला, शवोत्खनन्को अवधि र शवोत्खनन् पछि निम्न कुराहरुमा बिशेष ध्यान दिनु पर्नेछ ।

१. सम्बन्धित पीडित परिवार, समुदायको चाहना, संस्कृति तथा पेशागत मागलाई सम्मान गर्नुपर्दछ ।

२. सम्बन्धित फौजदारी कानुन, प्रमाण कानुन तथा मानव अधिकार सम्बन्धी कानुनहरुको विश्लेषण, न्यायिक कारवाहीको प्रकृया आदिको बारेमा पर्याप्त जानकारी लिनु पर्नेछ ।

३. शवोत्खनन् गर्ने क्रममा खटिएको टोलीले आफ्नो कार्यादेश अनुसार टोली प्रमुखको निर्देशनमा रही कार्य गर्नु गराउनु पर्दछ ।

## परिच्छेद ३
## सुरक्षा सम्बन्धी व्यवस्था

**७. शवोत्खननको क्रममा शवोत्खनन् गर्ने निकायले निम्न बमोजिमको सुरक्षा व्यवस्था मिलाउनु पर्नेछ :**

१. शवोत्खनन् गर्नुपूर्व, शवोत्खनन्को अवधि र शवोत्खनन् पछि शवोत्खनन् टोली, साक्षी, पीडित र सहयोगीहरुको सुरक्षालाई उच्च प्राथमिकतामा राख्नु पर्दछ ।

२. शव गाडिएको आशङ्कित स्थलको पहिचान भएपछि उत्खनन् कार्य समाप्त नभएसम्म उक्त स्थानको प्रहरीबाट सुरक्षाको व्यवस्था मिलाउनु पर्दछ ।

३. शवोत्खनन्मा खटिने टोली, पीडितहरु, साक्षीहरु एवं सहयोगीहरुको सुरक्षा अवस्थाको मूल्याङ्कन गरी आवश्यक सुरक्षा व्यवस्था मिलाउनु पर्दछ ।

४. शवोत्खनन्को क्रममा सूचना दिने व्यक्ति वा साक्षी वा पीडितको विवरण सार्वजनिक गर्नु हुँदैन ।पीडित वा साक्षीले अनुमति दिएमा बाहेक उनीहरुको नाम गोप्य राख्नु पर्नेछ ।

५. अनुसन्धानको क्रममा तथा शवोत्खनन्को क्रममा प्राप्त बयान वा सूचना कुनै पनि अदालतबाट वा अन्य कुनै निकायबाट



माग भई आएमा साक्षी वा पीडितको नाम गोप्य रहने व्यवस्था मिलाउनु पर्नेछ ।

६. कुनै पीडित वा साक्षी जोखिममा पर्ने अवस्था भएमा त्यसको तत्काल सुरक्षाको लागि पहल गर्नु पर्नेछ ।

७. साक्षी तथा पीडितको सुरक्षाको लागि शवोत्खनन् गर्ने निकायले आवश्यक कदमहरू चाल्न सक्नेछ । यस कार्यको लागि सुरक्षा निकायबाट आवश्यक सहयोग लिन सक्नेछ ।

८. उत्खनन्को क्रममा आधारभुत स्वास्थ्य सामग्रीहरु (Medical Kit Box) कार्यक्षेत्रमा राखी आवश्यक परेको समयमा जुनसुकै बेला पनि प्रयोग गर्न सकिने व्यवस्था मिलाउनु पर्नेछ ।

९. हरेक दिन उत्खनन् कार्य सकिए पछि उत्खनन् सामग्रीहरुको सुरक्षित भण्डारण गर्नु पर्दछ ।

१०. शवोत्खनन् स्थल वा आसपासमा बारुदी सुरङ्ग जस्ता विष्फोटक पदार्थ भए नभएको यकीन गर्नु पर्दछ ।

११. उत्खनन् गर्दा कर्डन गरिएको बाहिरी घेराबाट भित्र शवोत्खनन् टोली बाहेकका अरू व्यक्तिहरुलाई प्रवेश गराउनु हुँदैन । तर पीडित परिवारका हकमा उनीहरुले चाहेमा विशेषज्ञको राय अनुसार निश्चित अवधिको लागि प्रवेश गराउन सकिनेछ । अन्य कुनै व्यक्तिलाई प्रवेश दिनुपर्ने भएमा विशेषज्ञको अनुमति लिएर निश्चित अवधिको लागिमात्र प्रवेश दिन सकिनेछ । कर्डन गरिएको भित्री घेराभन्दाभित्र उत्खनन् टोली बाहेक अरुलाई प्रवेश दिनु हुँदैन । शवोत्खनन् गरिने स्थानमा जाने आउने एउटा बाटो निश्चित गरी सो स्थानमा जाने मानिसहरु उक्त बाटोबाट मात्र जाने आउने कुरा निश्चित गर्नु पर्दछ ।

१२. शवोत्खनन् कार्य पूरा नहुँदै कारणवश शवोत्खनन् कार्य स्थगित गर्नु परेमा सो स्थानको सुरक्षाको सम्पूर्ण व्यवस्था अर्को पटक उत्खनन् गर्ने कार्य सम्पन्न नभएसम्म नेपाल प्रहरीले गर्नु पर्नेछ ।

## परिच्छेद ४
## शवोत्खनन् टोलीले पालना गर्नु पर्ने आचार-संहिता

**८. शवोत्खनन् टोलीले देहाय बमोजिम आचार संहिताहरुको पालना गर्नु पर्नेछ :**

१. शवोत्खनन् टोली वा त्यसको सदस्य वा सो क्रममा संलग्न कुनै व्यक्तिले शवोत्खनन्को क्रममा प्राप्त भएको सूचना, जानकारी, तथ्यांक, प्रमाण वा प्रतिवेदनको गोपनीयता कायम राख्नु पर्दछ । शवोत्खनन् गर्ने निकायको स्वीकृति बिना कुनैपनि सूचना सार्वजनिक गर्नु हुँदैन ।

२. शवोत्खनन्को क्रममा शवोत्खनन् टोलीबाट अनुमति प्राप्त व्यक्ति बाहेक अरु कसैले कर्डन गरिएको वा निषेध गरिएको क्षेत्रभित्र गई तस्बिर वा भिडियो खिच्नु हुँदैन । कार्यस्थलमा खिचेका तस्बिर तथा भिडियोहरू कुनैपनि अवस्था र कुनैपनि समयमा शवोत्खनन् गर्ने निकायको अनुमति नलिई सार्वजनिक गर्नु हुँदैन ।

३. शवोत्खनन् गर्ने निकायले खटाएको काममा कसैले पनि व्यक्तिगत राय बनाई सार्वजनिक गर्नहुँदैन ।

४. पीडितहरुको मर्यादामा आँच आउने कार्य गर्नु हुँदैन । पीडितहरुमा पर्ने मनोसामाजिक असरको बारेमा सजग रहनु पर्दछ ।



५. उत्खनन् गर्ने स्थानको भौगोलिक, आर्थिक, सामाजिक, धार्मिक एवं साँस्कृतिक अवस्थाको बारेमा जानकारी राख्नु पर्दछ । स्थानीय बासिन्दाहरुको रहनसहन, संस्कृति र परम्पराको सम्मान गर्नु पर्दछ ।

६. मृतकको अन्त्येष्टी गरिने परम्पराको बारेमा जानकारी राख्नु पर्दछ ।

७. नैतिकता, सदाचार सम्बन्धी आधारभूत नियम तथा मानव अधिकारको सम्मान र पालनाप्रति प्रतिबद्ध रहनु पर्दछ ।

८. शिष्ट र शालीन भाषाको प्रयोग गर्नु पर्दछ ।

९. शवोत्खनन् कार्य गरिरहँदा कुनै किसिमको ठट्टामस्करी गर्नु हुँदैन ।

१०. पीडितसँग शवोत्खनन् टोलीको कुनै सदस्यको नाता वा सम्बन्ध वा स्वार्थ वा हित गाँसिएको भएमा त्यस्तो सदस्यले त्यस्तो सम्बन्धको बारेमा तत्काल शवोत्खनन् गर्ने निकायलाई जानकारी गराउनु पर्दछ ।

११. शवोत्खनन् कार्यको लागि शवोत्खनन् गर्ने निकायबाट उपलब्ध गराइएको परिचयपत्र, पोशाक, प्रतीक चिन्ह र अन्य सामग्रीको उचित सम्मान, सम्भार, कदर तथा प्रयोग गर्नु पर्दछ । तोकिएको काम समाप्त भएपछि फिर्ता गर्नुपर्ने वस्तुहरू फिर्ता गर्नु पर्नेछ । यस्ता परिचयपत्र, पोशाक, प्रतीक चिन्ह लगायतका कुनै पनि वस्तुहरू हराए, चोरिए वा खोसिएको अवस्थामा तत्काल शवोत्खनन् गर्ने निकाय तथा नजिकको प्रहरीलाई जानकारी दिनु पर्नेछ ।

१२. आफूले गर्ने टिपोट र विश्लेषणलाई वस्तुगत रुपमा लिपिबद्ध गरी सुरक्षित राख्नु पर्दछ ।

१३. आफूले गरेको कार्यको प्रतिवेदन शवोत्खनन् गर्ने निकायमा विनाढीलाई बुझाउनु पर्नेछ ।

१४. आफ्नो परिचय ढाँटेर कुनै कार्य गर्नु/गराउनु हुँदैन ।

१५. कसैलाई होच्याउने वा झिँझ्याउने गरी कुरा गर्नु हुँदैन ।

१६. कुनै पनि प्रकारको भेदभाव गर्न वा वैचारिक आस्थाको आधारमा कुनैपनि व्यक्तिको मर्यादामा असर पर्ने कार्यमा संलग्न हुनु हुँदैन । सबैप्रति बिना पूर्वाग्रह र पक्षपातरहित व्यवहार गर्नु पर्दछ ।

१७. शवोत्खनन् टोलीले सामान्यतयाः हरेक दिन बेलुकी दिउँसोभरी भएका कार्यहरुको समिक्षा गर्नु पर्नेछ । शवोत्खननको क्रममा विशेषज्ञ वा टोलीहरुको सदस्यहरुको बीच कुनै विषयमा मत बाझिएमा समिक्षा वैठकमा राखी छलफलबाट समाधान गर्नु पर्ने छ ।

१८. टोली प्रमुखको अनुमति नलिई शवोत्खनन् टोलीको कुनै पनि सदस्य कामबाट अलग हुन पाउने छैन ।

१९. शवोत्खनन् टोलीले माथि उल्लिखित आचार संहिताको बारेमा स्थानीय स्तरमा लिईने सहयोगी वा कामदारहरुलाई जानकारी दिई पालना भए नभएको बारेमा अनुगमन समेत गर्नेछ ।

## परिच्छेद ५
## विविध

९. **अवस्था सार्वजनिक भएको मानिने** :परीक्षणबाट हराएको व्यक्तिको पहिचान भई शवोत्खनन् गर्ने निकायले पीडितका आफन्तहरुलाई लिखित जानकारी गराएमा बेपत्ता भएको व्यक्तिको अवस्था सार्वजनिक भएको मानिनेछ ।

१०. **मनोसामाजिक विमर्श प्रदान गर्नु पर्ने** : कुनै व्यक्तिको भनी आशङ्का गरी शवोत्खनन् गर्दा आशङ्कित पीडितका नजिकका आफन्तहरुलाई आवश्यकता अनुसार शवोत्खनन् गर्नुभन्दा पूर्व,



शवोत्खनन्को क्रममा र शवोत्खनन् पश्चात शवोत्खनन् गर्ने निकायले मनोसामाजिक विमर्श प्रदान गर्ने व्यवस्था मिलाउनु पर्नेछ । यस क्रममा शवोत्खनन् गर्ने निकाय आफैले वा मनोसामाजिक विमर्श प्रदान गर्ने दक्षता भएको कुनै संस्था वा व्यक्तिको सहयोग लिई पीडित परिवारका आफन्तहरुलाई आवश्यकता अनुसार मनोसामाजिक विमर्श उपलब्ध गराउनु पर्नेछ ।

११. शवोत्खनन्को क्रममा पीडितका आफन्तहरुले शवोत्खनन् गरिरहेको स्थानको अवलोकन गर्न चाहेमा पीडितका परिवारहरुसँग परामर्श गरी अवलोकन गर्ने व्यवस्था शवोत्खनन् गर्ने निकायले मिलाउनु पर्नेछ । यस क्रममा पीडित परिवाका सदस्यहरुको आवतजावत एवं खान बस्न लाग्ने खर्च समेत शवोत्खनन् गर्ने निकायले मिलाउनु पर्नेछ । यसरी गरिने व्यवस्थापन सम्बन्धी निर्णय पीडितका आफन्तहरुको परामर्शमा शवोत्खनन् गर्ने निकायले गर्नेछ ।

१२. अनुसन्धान कुन चरणमा पुगेको छ र कस्तो काम कारवाही भइरहेको छ भन्ने बारेमा शवोत्खनन् गर्ने निकायले पीडित परिवारलाई समय समयमा जानकारी गराउनु पर्नेछ । यस्तो जानकारी प्राप्त गर्नु पीडित परिवारको अधिकार हुनेछ । तर अनुसन्धानको क्रममा कुनै कुरा अनुसन्धान पूरा नहुँदासम्म गोपनीयता राख्नु पर्ने देखिएमा शवोत्खनन् गर्ने निकायले गोपनीयता कायम गर्न यस दफामा उल्लिखित व्यवस्थाले प्रभाव पार्ने छैन ।

१३. **अनुगमन गर्न सक्ने** :नेपाल प्रहरी वा अन्य निकायबाट भएको शवोत्खनन्को राष्ट्रिय मानव अधिकार आयोगले अनुगमन गर्न सक्नेछ । यस क्रममा आयोगले सम्बन्धित निकायलाई कुनै निर्देशन वा सुझाव दिन सक्नेछ ।

१४. **निर्देशन दिन सक्ने** : बलपूर्वक बेपत्ता पारिएका वा गैरकानुनी रुपमा मारेर गाडिएका घटनाहरुको कुनै पनि निकायद्वारा

शवोत्खनन् गर्ने क्रममा यस निर्देशिकाको पालना नभएको पाईएमा राष्ट्रिय मानव अधिकार आयोगले निर्देशिकाको पालना गर्न त्यस्तो निकायलाई निर्देशन दिन सक्नेछ । आयोगले दिएको निर्देशनको पालना गर्नु शवोत्खनन् गर्ने निकायको कर्तव्य हुनेछ ।

१५. **आर्थिक व्यवस्था**

१) शवोत्खनन् गर्ने निकायले शवोत्खननको लागि तथा प्राप्त मानव अवशेष एवं प्रमाणहरुको परीक्षणको लागि आवश्यक पर्ने बजेटको व्यवस्था मिलाउनेछ । सोको लागि नेपाल सरकार वा अन्तर्राष्ट्रिय निकाय वा कुनै संस्थाबाट सहयोग लिन सकिनेछ ।

२) शवोत्खनन्को लागि आवश्यक पर्ने बजेट उपलब्ध गराउनु नेपाल सरकारको दायित्व हुनेछ ।

१६. **समन्वय र सहकार्य** : शवोत्खनन् गर्ने निकायले शवोत्खनन् गर्दा आवश्यकता अनुसार नेपाल सरकारका निकायहरु, सुरक्षा निकायहरु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्था, विशेषज्ञ वा प्रयोगशाला वा आवश्यक अन्य व्यक्ति वा संघ संस्थाहरुसँग समन्वय र सहकार्य गर्न वा सहयोग लिन सक्नेछ ।

१७. **शवोत्खनन् गर्ने अवधिः** शवोत्खनन् अवधि भौगोलिक अवस्था एवं कार्य प्रकृतिको आधारमा फरक हुनसक्नेछ । शवोत्खनन्मा जानुपूर्व शवोत्खनन् गर्ने निकायले कति समयमा शवोत्खनन् गर्ने भनी कार्ययोजना बनाउनु पर्नेछ । शवोत्खनन्को क्रममा शवोत्खनन् टोलीको सुझाव अनुसार शवोत्खनन् गर्ने निकायले उक्त कार्ययोजनामा उल्लेख गरिएको समयावधिमा घटबढ गर्न सक्नेछ ।

१८. **सहयोग गर्नुपर्ने** :शवोत्खनन् गर्ने निकायलाई शवोत्खनन् पूर्व, शवोत्खनन्को क्रममा र शवोत्खनन् पश्चात पनि स्थानीय प्रशासन, सुरक्षा निकायहरु, स्थानीय निकाय, पीडित परिवार,



स्थानीय समुदाय, गैरसरकारी संघसंस्था तथा संचार माध्यमहरुले समेत सहयोग गर्नु पर्नेछ ।

१९. **सूचनाको संप्रेषण** :शवोत्खनन् टोलीले गरेका कार्यहरुको बारेमा टोली प्रमुखले आवश्यक समयमा सूचनाहरुको संप्रेषण गर्न सक्नेछ । तर अनुसन्धानको क्रममा गोप्य राख्नुपर्ने विषयहरु तथा अनुसन्धानलाई प्रभावित गर्न सक्ने विषयहरु सार्वजनिक गरिने छैन ।

२०. **मार्ग-निर्देशिका लागु हुने** : बलपूर्वक बेपत्ता पारिएका बाहेक प्राकृतिक प्रकोप वा अपराधिक कार्य वा अन्य कुनै कारणले हराइरहेका व्यक्तिहरुको खोजीको क्रममा शवोत्खनन् गर्दा समेत यो मार्ग-निर्देशिका बमोजिम शवोत्खनन् गर्न सकिने छ ।

२१. **निर्देशिका बमोजिम हुने** : यस मार्ग-निर्देशिकामा उल्लेख भएका व्यवस्थाहरु अन्य प्रचलित कानुनसँग नबाझिएको हदसम्म यसै मार्ग-निर्देशिका बमोजिम र अन्यको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

***